कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित भई
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम वित्तीय कामकारोवार गर्ने

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank

# ज्योति विकास बैंक लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रियस्तरको विकास बैंक)
रजिष्टर्ड केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौं वडा नं. १
फोन नं. : ०१-४५४०३२४
E-mail: info@jbbl.com.np, URL:www.jbbl.com.np

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

## "विवरणपत्र"

१० वर्ष अवधि तथा वार्षिक ९ प्रतिशत ब्याजदर भएको प्रति ऋणपत्र रु.१,०००/- अंकित मूल्यका १५ लाख कित्ताले हुन आउने रु.१ अर्ब ५० करोड बराबरको ऋणपत्र मध्ये ९ लाख कित्ता ऋणपत्रले हुन आउने कूल रु.९० करोड ऋण पूँजी रकम व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने तथा ६ लाख कित्ता ऋणपत्रले हुन आउने कूल रु.६० करोड ऋणपूँजी रकम (सो मध्ये ५% अर्थात ३०,००० कित्ता ऋणपत्र सामुहिक लगानी कोषका लागि छुट्टयाएको समेत) सर्वसाधारण नेपालीको लागि सार्वजनिक निष्काशनबाट बिक्री गरिने ।

**दरखास्तसाथ प्रति ऋणपत्र रु.१,०००/–को दरले (शत प्रतिशत) भुक्तानी माग गरिएको ।**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.व. ०७४/०७५ | आ.व. ०७५/०७६ | आ.व. ०७६/०७७ | आ.व. ०७७/०७८ | आ.व. ०७८/०७९ | आ.व. ०७९/०८० |
| प्रति शेयर नेटवर्थ (रु.) | १२१.४८ | १२९.२५ | १२८.८६ | १३६.२८ | १४३.६९ | १५३.९४ |
| प्रति शेयर आम्दानी (रु.) | १३.३४ | १७.१४ | १३.९७ | १९.१३ | २४.१५ | २९.०० |
| संचित नाफा नोक्सान (रु.हजारमा) | ३४४,५१७ | ३९६,९२३ | ३५३,३७६ | ५६९,०१५ | ६८५,९५० | १,००४,४९२ |

### लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको **दफा ग ८** मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

### नियामक निकायको जवाफदेहीता नरहने उद्घोषण :

सार्वजनिक निष्काशन मार्फत उल्लेखित धितोपत्र बिक्री गर्नको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी कानुन बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्र स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लिखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

यस बैंकले जारी गर्न लागेको १० वर्ष अवधि तथा ९ प्रतिशत ब्याजदर भएको **"ज्योति विकास बैंक बण्ड २०८७"** नामक ऋणपत्रलाई इक्रा नेपाल लिमिटेडले मध्यम कर्जा जोखिम **(Moderate Credit Risk)** जनाउने **"[ICRANP-IR] BB+"(Pronounced as** ICRA NP**)** issuer rating double B plus**)** रेटिङ्ग मिति २०७७।१०।२६ मा प्रदान गरेको छ । उक्त क्रेडिट रेटिङ्ग प्राप्त गर्न संस्थालाई समयमा नै वित्तीय दायित्व पुरा गर्ने तथा कर्जा जोखिम मध्यम (Moderate) भएको संस्थाको रुपमा लिईन्छ । इक्रा नेपाल लि.ले **[ICRANP-IR] AA** देखि **[ICRANP-IR] C** सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा रेटिङ्ग**" [ICRANP-IR] AA"**ले सकारात्मक आधार जनाउँछ भने**" [ICRANP-IR] C "** ले नकारात्मक आधारहरू जनाउँछ ।

रेटिङ्ग प्रदान गरेको मिति : ८ फेब्रुअरी २०२१ । रेटिङ्ग बहाल रहने अवधि :७ फेब्रुअरी २०२२ सम्म ।

यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र बैंकको सम्पत्ति सुरक्षण नराखी निष्काशन गरिएको असुरक्षित ऋण **(Unsecured Debt)** भएको र कथंकदाचित् बैंक टाट पल्टिएमा अन्य सुरक्षित साहु निक्षेपकर्ता भन्दा पछि मात्र भुक्तानीमा प्राथमिकता हुने गरी निष्काशन गरिएको सहायक ऋण **(Subordinated Debt)** भएको हुँदा प्रचलित कानूनले प्रदान गरेको बाहेक बैंकको सम्पत्तिमा ऋणपत्रवालाको कुनै निर्दिष्ट हक **(Specific Charge)** अधिकार हुने छैन । यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रवालाको बैंकको सम्पत्तिमा द्वितीय हक हुनेछ । बैंकको सम्पत्तिमा सुरक्षित साहु र निक्षेपकर्ताको प्रथम हक लाग्नेछ ।

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति : २०७८/०२/२७
कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति : २०७८/०३/०७
नेपाल राष्ट्र बैंकमा विवरणपत्र दर्ता भएको मिति : २०७८/०२/३०

निष्काशन खुल्ला हुने मिति : २०७८/०३/२०
निष्काशन बन्द हुने मिति (छिटोमा) : २०७८/०३/२३
निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०७८/०४/०३

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरणपत्र निष्काशन तथा बिक्री प्रबन्धकको website: www.niblcapital.com, निष्काशनकर्ता कम्पनीको website: www.jbbl.com.np साथै नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np बाट समेत हेर्न सकिनेछ ।

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:**

**एनआईबिएल एस क्यापिटल लिमिटेड**
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन: ४००५०८०, फ्याक्स: ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com

**ख. १. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :**

क) **"विवरणपत्र"** भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित विवरणहरु भएको पुस्तिकालाई सम्झनु पर्दछ ।

ख) **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले एनआईबिएल एस क्यापिटल लिमिटेडलाई सम्झनु पर्दछ ।

ग) **"कम्पनी/वित्तीय संस्था"** भन्नाले निष्काशनकर्ता कम्पनी ज्योति विकास बैंक लिमिटेडलाई सम्झनु पर्दछ ।

घ) **"संकलन केन्द्र"** भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फाराम प्राप्त गर्न सकिने तथा दरखास्त फाराम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थालाई सम्झनु पर्दछ ।

ङ) **"निष्काशन बैंक"** भन्नाले सार्वजनिक निष्काशनबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएको बैंकहरुलाई सम्झनु पर्दछ ।

च) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल राष्ट्र बैंकलाई सम्झनु पर्दछ ।

छ) **"संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन"** भन्नाले ज्योति विकास बैंक लिमिटेडका संस्थापक, सञ्चालक, प्रमुख कार्यकारी अधिकृत तथा व्यवस्थापकीय तहका कर्मचारीलाई सम्झनु पर्दछ ।

ज) **"बोर्ड"** भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

झ) **"आधारभुत शेयरधनी"** भन्नाले बैंकको चुक्ता पूँजीको १ प्रतिशत वा सो भन्दा बढी शेयर धारण गरेको शेयरधनीलाई सम्झनु पर्दछ ।

**ख.२. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :**

| सि.नं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौं र वेवसाइट: www.niblcapital.com |
| २. | ज्योति विकास बैंक लिमिटेड, कमलपोखरी, काठमाण्डौं तथा यसको सम्पूर्ण शाखा कार्यालयहरु र वेवसाइट : www.jbbl.com.np |

| सि.नं. | दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु तथा तिनका तोकिएका शाखा कार्यालयहरु । |

व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने हकमा बिक्री प्रवन्धकले बैंकसँगको सहमतीमा खरिदकर्ताहरु खोजी गरि आपसि सहमतीमा वितरण गरिने छ ।

**ग.१.धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई ज्योति विकास बैंक लिमिटेड तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकिय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" तथा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र **(Due Diligence Certificate)** प्रस्तुत गरेका छौं ।

**ग.२.संगठित संस्थाको उद्घोषण :**

**क.सञ्चालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सूसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ख.संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यस ज्योति विकास बैंक लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा तथा अन्य नियमनकारी निकायहरुमा पेश गरेका छौं ।

**घ) संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

क. यस बैंकको संस्थापक, सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

ख. यस बैंकको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

ग. सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत यस बैंकको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।

घ. धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पुरा नभएको संगठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत यस बैंकको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।

ङ. यस बैंकको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत धितोपत्र सम्बन्धी ऐनको दफा १०८ वमोजिम अयोग्य रहेका छैनन् ।

**ग.३.संगठित संस्था सम्बन्धी जानकारी :**

**(क) संगठित संस्थाको पृष्ठभूमी**

(१) **संस्थाको नाम** : ज्योति विकास बैंक लिमिटेड **(Jyoti Bikash Bank Limited)**

(२) **कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

(३) **संस्थाको रजिष्टर्ड ठेगाना :** यस कम्पनीको रजिष्ट्रर्ड (केन्द्रीय) कार्यालय बागमती अञ्चल, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं २८, कमलपोखरीमा रहेको छ ।

(४) **कारोवार गर्ने मुख्य स्थान :** यस कम्पनीले नेपाल राष्ट्र बैंकले स्वीकृत गरेअनुसार नेपाल भित्र देहायका स्थानहरुबाट आफ्नो कारोबार संचालन गर्दै आएको छ :

| क.स. | शाखा कार्यालय | फोन | क.स. | शाखा कार्यालय | फोन |
|---|---|---|---|---|---|
| १ | मुख्य शाखा, काठमाडौं | ०१-४४१११९६ | ५३ | चापागाउँ, ललितपुर | ०१-५२६५६५७ |
| २ | बुटवल, रूपन्देही | ०७१-५५०८३४ | ५४ | खोर्साने, मोरंग | ०२१-५४५३८८ |
| ३ | बर्दिबास, महोत्तरी | ०४४-५५०५६८ | ५५ | बिर्तामोड, झापा | ०२३-५४३२२१ |
| ४ | कोटेश्वर, काठमाडौं | ०१-४६०१९७९ | ५६ | बर्दघाट, नवलपरासी | ०७८-५८०६६२ |
| ५ | जोरपाटी, काठमाडौं | ०१-४९१२१७० | ५७ | पर्सा, चितवन | ०५६-५८३३७४ |
| ६ | सिमरा, बारा | ०५३-५२१८५६ | ५८ | जनकपुर, धनुषा | ०४१-५२२६२५ |
| ७ | असन, काठमाडौं | ०१-४२१६१९८ | ५९ | नारायणगढ, चितवन | ०५६-५७१२१३ |
| ८ | चपुर, रौतहट | ०५५-५४०७५८ | ६० | गोलबाजार, सिराहा | ०३३-५४०५२५ |
| ९ | प्रयागपोखरी, ललितपुर | ०१-५५५१४३७ | ६१ | हसुलिया, कैलाली | ९८५८०२४४५६ |
| १० | पथरी, मोरंग | ०२१-५५५४८२ | ६२ | कपूरकोट, सल्यान | ०८३-४१००७२ |
| ११ | सरस्वतीनगर, काठमाडौं | ०१-४८२२३३० | ६३ | रुपनी, सप्तरी | ०३१-४५००१२ |
| १२ | वीरगन्ज, पार्सा | ०५१-५२४८३६ | ६४ | परवानीपुर, बारा | ०५१-४१००३१ |
| १३ | च्यामसिंह, भक्तपुर | ०१-६६१९९१० | ६५ | अमुवा, रूपन्देही | ०७१-५०१०९७ |
| १४ | दिक्तेल, खोटाङ्ग | ०३६-४२०६११/३ | ६६ | पड्सरी, रूपन्देही | ०७१-४२९५०३ |
| १५ | भरतपुर, चितवन | ०५६-५२५७२६ | ६७ | आँबुखैरेनी, तनहुँ | ०६५-५४०५३१ |
| १६ | विराटनगर, मोरंग | ०२१-५२७७७५ | ६८ | निजगढ, बारा | ०५३-५४०३७० |
| १७ | सुन्धारा, काठमाडौं | ०१-४२३३०३४/५ | ६९ | हरिवन, सर्लाही | ०४६-५३००८३ |
| १८ | पोखरा, कास्की | ०६१-५३७९६० | ७० | सिन्धुली, सिन्धुली | ०४७-५२१०९३ |
| १९ | नेपालगन्ज (धाम्बोजी चौक), बाँके | ०८१-४१५१९१ | ७१ | भैरहवा, रूपन्देही | ०७१-५२५०४६ |
| २० | जाजरकोट, जाजरकोट | ०८९-४३०२८१ | ७२ | जीतपुर, कपिलवस्तु | ०७६-५५०४३२ |
| २१ | नयाँ बानेश्वर, काठमाडौं | ०१-४४६२५१ | ७३ | महेन्द्रनगर, कंचनपुर | ०९९-५२०५२१ |
| २२ | बालाजु, काठमाडौं | ०१-४३८८८५६ | ७४ | कावासोती, नवलपरासी | ०७८-५४०४९३ |
| २३ | कोहलपुर, बाँके | ०८१-५४१४३६ | ७५ | गाईघाट, उदयपुर | ०३५-४२०८८९ |
| २४ | न्यूरोड, काठमाडौं | ०१-४२४४५७८ | ७६ | वालिङ्ग, स्याङ्जा | ०६३-४४०२१४ |

| | | | | | |
|---|---|---|---|---|---|
| २५ | बाग्दुला, प्युठान | ०८६-४१०१२० | ७७ | तानसेन, पाल्पा | ०७५-५२१८३७ |
| २६ | भिंग्री, प्युठान | ०८६-४०००४९ | ७८ | घान्द्रुक, कास्की | ९८०२३१४१७८ |
| २७ | मच्छी, प्युठान | ९९४८६०१२४ | ७९ | कीर्तिपुर, काठमाडौं | ०१-४३३४३२९ |
| २८ | दर्वान, प्युठान | ९७५८५००६६४ | ८० | बोडे, भक्तपुर | ०१-६६३८६६१ |
| २९ | क्वाडी, प्युठान | ०८६-४६०६८१ | ८१ | बलम्बु, काठमाडौं | ०१-४३१२४३३ |
| ३० | झुम्का, सुनसरी | ०२५-५६२१२६ | ८२ | बनेपा, काभ्रे | ०११-६६०१३० |
| ३१ | सुर्खेत, सुर्खेत | ०८३-५२४३५८ | ८३ | साँखु, काठमाडौं | ०१४-४५१२३८ |
| ३२ | घोराही, दाङ्ग | ०८२-५६३६१३ | ८४ | तालचोक, कास्की | ०६१-५६१९१५ |
| ३३ | थर्पु, तनहुँ | ०६५-४००११४ | ८५ | धरान, सुनसरी | ०२५-५३०१८५ |
| ३४ | हेटौडा, मकवानपुर | ०५७-५२२३०३ | ८६ | सातदोबाटो, ललितपुर | ०१-५५३१०५८/५५२५७३७ |
| ३५ | मौरीघाट, दाङ्ग | ०८२-४१२०५६ | ८७ | लेकसाइड, कास्की | ०६१-४६८११४ |
| ३६ | धनगढी, कैलाली | ०९१-४१७१३९ | ८८ | महाराजगञ्ज, काठमाडौं | ०१-४०१७५०७ |
| ३७ | देवघाट, तनहुँ | ०५६-५०००८० | ८९ | गोंगबु, काठमाडौं | ०१-४३६३३९४ |
| ३८ | रामगोपालपुर, महोत्तरी | ०४४-४१००७३ | ९० | सिनामंगल, काठमाडौं | ०१-५९०१७९७/०१-५९०२०६० |
| ३९ | फापरबारी, मकवानपुर | ०५७-४२००१४ | ९१ | बट्टार, नुवाकोट | ०१०-५६१७७७ |
| ४० | नेपालटार, काठमाडौं | ०१-४३८३६२६ | ९२ | त्रिशूली, नुवाकोट | ०१०-५६१७८० |
| ४१ | नेपालगन्ज (पुष्पलाल चौक), बाँके | ०८१-५५०५०५ | ९३ | छहारे, नुवाकोट | ९७५१०६१७८० |
| ४२ | तुलसीपुर, दाङ्ग | ०८२-५२१७७२ | ९४ | रात्माटे, नुवाकोट | ९७५१०६१७७९ |
| ४३ | गुलारिया, बर्दिया | ०८४-४२१२३५ | ९५ | रानीपौवा, नुवाकोट | ०१०-४११०२५ |
| ४४ | राजापुर, बर्दिया | ०८४-४६०२८८ | ९६ | समुन्द्रटार, नुवाकोट | ९८५१२२६७८० |
| ४५ | गधवा, दाङ्ग | ०८२-४१००७६ | ९७ | देउराली, नुवाकोट | ९७५१०६१७८१ |
| ४६ | शमशेरगञ्ज, बाँके | ०८१-४०००७३ | ९८ | सामरी, नुवाकोट | ९८४३४८२२९५ |
| ४७ | दमक, झापा | ०२३-५८५०८८ | ९९ | रातोपुल, काठमाडौं | ०१-४४८५५४८ |
| ४८ | पेप्सीकोला, काठमाडौं | ०१-४९९१८३६ | १०० | झम्शीखेल, काठमाडौं | ९८५११७२३०३ |
| ४९ | ठमेल, काठमाडौं | ०१-४७०१५२८ | १०१ | सीतापाइला, काठमाडौं | ९८५१०८६५६० |
| ५० | कालिमाटी, काठमाडौं | ०१-४६७२६५८ | १०२ | इटहरी, सुनसरी | ९८५२०३३८८५ |
| ५१ | गल्छी, धादिङ्ग | ०१०-४०३२०४ | १०३ | बेनी, म्याग्दी | ०१-६९५२२०२९/६९५२२०३० |
| ५२ | टोखा, काठमाडौं | ०१-५११०४९० | १०४ | बाग्लुङ्ग, बाग्लुङ्ग | ०६८-५२४२२४/२५ |
| | | | १०५ | फुटुङ्ग, काठमाडौं | ०१-५१८९२९५ |

**(५) संगठित संस्थाको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**

ज्योति विकास बैंक लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६५/१/२६ गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै मिति २०६५/०३/३० मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न इजाजत प्राप्त गरी मिति २०६५/०४/०९ देखि संस्थाले आफ्नो वित्तीय कारोबार संचालन गरिरहेको छ । बैंकको केन्द्रीय कार्यालय का.म.न.पा.१, कमलपोखरी, काठमाण्डौंमा रहेको छ । यस बैंकको संस्थापकहरुमा सरकारी सेवा एवं व्यवस्थापनमा प्रशस्त अनुभव तथा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यवसायीहरु रहेका छन् ।

नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोबार गर्ने कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

**(क)** बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र संवर्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,

**(ख)** कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा वाह्य स्रोतबाट जुटाई देहको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

**(ग)** उपलब्ध शिप र श्रम तथा पुँजीलाई उचित परिचालन गरि ग्रामिण तथा सहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमुलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवं प्रर्वद्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकिय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,

**(घ)** मुलुकमा छरिएर रहेको पुँजीलाई एकीकृत गरि संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्ताको सेवा उपलब्ध गराउने,

साथै, यस बैंकले प्रदान गरेको नगद लाभांश तथा बोनश सेयर निम्नानुसार रहेको छ ।

| क.स. | आर्थिक वर्ष | नगद लाभांश (प्रतिशतमा) | बोनस सेयर (प्रतिशतमा) | जम्मा (प्रतिशतमा) |
|---|---|---|---|---|
| १ | आ.व. २०६५।६६ | - | - | - |
| २ | आ.व. २०६६।६७ | - | - | - |
| ३ | आ.व. २०६७।६८ | ८.५ | - | ८.५ |
| ४ | आ.व. २०६८।६९ | - | - | - |
| ५ | आ.व. २०६९।७० | ५.६० | ७.०० | १२.६० |
| ६ | आ.व. २०७०।७१ | ०.३७ | ७.०० | ७.३७ |
| ७ | आ.व. २०७१।७२ | - | ९.०० | ९.०० |
| ८ | आ.व. २०७२।७३ | - | ११.६४ | ११.६४ |
| ९ | आ.व. २०७३।७४ | - | १०.०० | १०.०० |
| १० | आ.व. २०७४।७५ | ८.४० | - | ८.४० |
| ११ | आ.व. २०७५।७६ | - | १२.७५ | १२.७५ |
| १२ | आ.व. २०७६।७७ | - | १०.०० | १०.०० |

**(६) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** सो नभएको ।

**(७) अन्य विवरणहरु :**

**(क) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :**

बैंकले प्रदान गर्ने मुख्य सेवाहरुमा निक्षेप संकलन, कर्जा प्रवाह, रकमान्तर, रेमिट्यान्स, डि.पी. तथा अन्य बैंकिङ्ग सेवाहरु रहेका छन् । साथै बैंकले लगानीको माध्यमबाट आफ्नो पूँजीको सही उपयोग गर्दै आएको छ ।

**(ख) प्रयोग भएको वा गरिने प्रविधि :**

बैंक सेवा प्रदायक कम्पनी भएकोले माथि खण्ड (क) मा उल्लेखित सेवा प्रदान गर्न आवश्यक प्रविधि ।

**(ग) कुनै ब्राण्डनेम, प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** सो नभएको ।

**(घ) संगठित संस्थाले ओगटेको बजार क्षेत्र:**

हाल सम्मको तथ्याङ्क अनुसार कूल निक्षेप (विदेशी मुद्राको निक्षेप सहित) को १२.२५% हिस्सा बैंकको रहेको छ । साथै, कर्जा तथा सापट अन्तर्गत हालसम्म बैंकले कूल (राष्ट्रिय स्तरको विकास बैंक ८ वटा) बजारको १३.१५% हिस्सा ओगटेको छ ।

**(ङ) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना:**

समय सापेक्ष नयाँ उत्पादन तथा वित्तीय सेवाको विकास गरी सम्भाव्य ग्राहकहरुको पहिचान गरेर आफ्नो व्यापार विस्तार गर्ने योजना रहेको छ ।

**(च) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :**

बैंकको प्रमुख बजार नेपालभर रहेको छ र हरेक वर्गका ग्राहकको आवश्यकता अनुरुप सेवाहरु उपलब्ध गराउँदै लैजाने बैंकको लक्ष्य रहेको छ ।

**(छ) उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति :**

बैंकिङ्ग क्षेत्रमा लामो अनुभव हासिल गर्नु भएका सञ्चालक तथा व्यवस्थापनको दक्षताको आधारमा यस बैंकले समान स्तरका अन्य संस्थाहरुको तुलनामा स्थापनाकाल देखि नै बजारको राम्रो हिस्सा ओगट्न र ग्राहकलाई राम्रो सुविधा प्रदान गर्न सफल रहेको देखिन्छ ।

**(ज) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :** सो नभएको ।

**(झ) गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :**

बैंकले जोखिम व्यवस्थापन र न्यूनिकरणको लागि आन्तरिक लेखापरिक्षक र जोखिम न्यूनीकरणको लागि छुट्टाछुट्टै विभागको स्थापना गरेको छ ।

**(ञ) अनुसन्धान तथा विकास :**

नेपालको बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा प्रतिस्पर्धात्मक स्थिति रहेको आजको अवस्थामा कम्पनीले अनुसन्धान तथा विकासलाई उच्च प्राथमिकताका साथ अघि बढाईरहेको छ ।

**(ट) विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान :**

विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को महामारीले मानव सभ्यतालाई नै झक्झक्याउने काम गऱ्यो । एकातर्फ गम्भीर स्वास्थ्य सङ्कटले विश्व समूदायमा अकल्पनीय त्रासदीपूर्ण अवस्था निम्त्यायो भने अर्कातर्फ यस महामारी नियन्त्रणका लागि गरिएका झण्डै विश्वव्यापी बन्दाबन्दीले विश्व-अर्थतन्त्रलाई अनिश्चित सङ्कुचनतर्फ लग्यो । यस महामारीका कारण लाखौ व्यक्तिको मृत्यु भयो भने करोडौं मानिस चरम अभावमा बाच्नुपर्ने स्थिति सृजना भएको हुन आएको छ । नेपालमा पनि विभिन्न चरणमा लगाइएका बन्दाबन्दीले अत्यावश्यकबाहेक लगभग सम्पूर्ण आर्थिक तथा व्यवसायिक क्षेत्र ठप्प भए । वित्तीय सहजकर्ताको भूमिका निर्वाह गर्ने हामी जस्ता बैंक तथा वित्तीय संस्थामा पनि यसको प्रत्यक्ष/परोक्ष असर पऱ्यो । यस विकास बैंकको व्यवसाय सञ्चालन तथा सेवा प्रदान गर्ने क्रममा यस प्रकोपका जोखिम मूल्याङ्कन गर्न, सम्बन्धित निकायद्वारा जारी मापदण्ड परिपालना गराउन तथा आवश्यक रोकथाम तथा नियन्त्रणका उपाय लागु गर्न यस विकास बैंकले कोभिड-१९ जोखिम मूल्याङ्कन तथा अनुगमन समिति गठन गरी सो समितिका निर्णय र सिफारिस बमोजिम व्यवसाय सञ्चालनका विविध व्यवस्था गरियो । बन्दाबन्दीका समयमा ग्राहक अत्यावश्यक सेवा सुविधाबाट वञ्चित हुन नपरोस् भनी बैंकले विशेष ध्यान पुऱ्यायो । कार्यालयस्थलमा भौतिक रूपमा उपस्थित नभई गर्न सकिने बैंकका काम कारबाही भर्चुअल माध्यमबाट गर्नसकिने व्यवस्था लागु गरियो । डिजिटल रूपमा ग्राहकलाई बैंकिङ सेवा प्रदान गर्ने उद्देश्यले ती प्रणालीलाई सरलीकरण गरियो । बैंकले विविध प्रतिकूलताबीच कर्मचारी तथा ग्राहकको स्वास्थ्य तथा सुरक्षाका व्यवस्था गर्दै सेवा प्रदान गरेको छ । नेपाल राष्ट्र बैंकबाट जारी परिपत्रका आधारमा ऋणीका ब्याजमा दश प्रतिशत छुट दिने, ब्याजदर दुई प्रतिशतसम्म घटाउने, ग्राहकसँग सघन छलफल गरी उनीहरूको आर्थिक व्यवस्थापनमा विभिन्न तरिकाले सहकार्य गर्ने लगायतका कार्यले यसअघि बनेको अर्थतन्त्रमा भयावह अवस्था आउन सक्ने त्रास हामी सबैले मिली धेरै हदसम्म कम गर्न सक्यौं । माथि उल्लिखित विभिन्न सहुलियत मार्फत ज्योति विकास बैंकले आ.व २०७६/७७ मा आफ्ना कर्जा ग्राहकलाई करीब रु.१२ करोड वराबर ब्याज छुट प्रदान गऱ्यो । त्यसैगरी एक जिम्मेवार संस्थाले व्यवसायिक गतिविधि मात्र नभएर अन्य विभिन्न सामाजिक आयाममा समेत जोडिएर नागरिकका हित केन्द्रित योगदान गर्नुपर्दछ भन्ने मूल मर्मबाट प्रेरित भई सामाजिक उत्तरदायित्व निर्वाह गर्न स्पष्ट नीति निर्धारण गरी यस विकास बैंकले सञ्चालन गरिरहेको 'हाम्रो विकास प्रवर्द्धन कोष' मार्फत नागरिकका बृहत् तथा दीर्घकालीन हित केन्द्रित विभिन्न कार्य गर्नुको साथै नेपाल सरकारले गठन गरेको कोभिड-१९ नियन्त्रण तथा उपचार राहत कोषमा मात्रै जम्मा रु.७१ लाख ६६ हजार योगदान पुऱ्याएको छ ।

**(ठ) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण:**

बैंकको मजदुर संगठन नभएको ।

**(ड) बजार प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :**

अत्यधीक प्रतिस्पर्धी रहेको हालको बैंकिङ्ग बजारमा सफलता पूर्वक आफ्नो पहिचान स्थापित गरी गुणस्तरीय बैंकिङ्ग व्यवसाय संचालन गरीरहेको । यस सम्बन्धमा बैंकको हालसम्मको प्रगति विवरण लगायत बर्तमान बजारमा बैंकको अवस्थाको पुष्टी बैंकको वित्तीय विवरणबाट स्पष्ट रुपमा देखिएको छ र हाल ८ वटा राष्ट्रिय स्तरको विकास बैंकहरु बीच यस कम्पनीको २०७७ चैत्र मसान्त सम्मको विवरण देहाय बमोजिम रहेको छ :

| क्र.सं. | विवरण | समग्र बजारमा (राष्ट्रिय स्तरको बिकास बैंक) बैंकको हिस्सा |
|---|---|---|
| १ | निक्षेप संकलन | १२.२५% |
| २ | कर्जा तथा सापटी | १३.१५% |

| | | |
|---|---|---|
| ३ | खूद मुनाफा | १३.३९% |
| ४ | व्याज आम्दानी | १२.१६% |
| ५ | सञ्चालन मुनाफा | १४.०९% |

बैंकले निष्काशन गर्न लागेको ऋणपत्रको व्याजदर ९ प्रतिशत रहेको र अवधि १० वर्ष रहेकोले यसमा लगानी गर्ने लगानीकर्ताहरुको लागि जोखिम रहित उच्चतम प्रतिफल हुने हुनाले बैंकले जारी गर्ने लागेको ऋणपत्रले लागनीकर्तालाई आर्कषण गर्न सक्नेछ ।

(ढ) **प्रमुख ग्राहकहरुको विवरण (जस्तैः–संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने त्तसम्बन्धी विवरण :**
नभएको ।

(ण) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तैः–संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण :** नभएको ।

**(ख) सम्पत्तिको विवरण :**

**(१) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :**

| खूद सम्पत्तिको विवरण | आ. व. २०७६/०७७ |
|---|---|
| जग्गा | १४,६७३,७६६ |
| भवन | २,०३८,५२६ |
| परिवहन साधन | ६०,२४८,५६७ |
| कम्प्युटर,फनिर्चर र फिक्चर | १५६,६५१,४४१ |
| लिज होल्ड सम्पत्ति | १२५,६००,४०२ |
| अन्य उपकरणहरु | ४३,०९९,१५५ |
| सफ्टवेयर | १५,७१२,३५० |
| **जम्मा खूद सम्पत्ति** | **४१८,०२४,२०८** |

माथि उल्लेखित सम्पत्ति यस बैंकको मुख्य कार्यालय एवं शाखाहरुमा अवस्थित रहेका छन् ।

(२) **बूँदा (१) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि ( मिति समेत उल्लेख गर्नु पर्ने)** : उक्त बुँदामा उल्लेखित सम्पत्ति कम्पनीको आफ्नै स्वामित्वको हो ।

(३) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरणः** नभएको।

(४) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :** यस कम्पनीको इक्विटी लगानी बजार मूल्यमा मूल्याङकन गरिएको छ भने अन्य सम्पत्तिको पुनः मूल्याङकन गरिएको छैन ।

(५) **सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण :** जग्गाको मूल्याङ्कन शुरुको खरीद मुल्य अनुसार, शेयरको मूल्याङ्कन बजार मुल्य अनुसार र बांकी सम्पत्तिको नियमानुसार ह्रासकट्टि गरी लेखाङ्कन गरिएको छ ।

**(ग) भावी योजना तथा रणनितिः**

**(१) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीतिः**

**क) नयाँ उत्पादन तथा सेवाहरु :** आफ्ना ग्राहकवर्गको आवश्यकता र अपेक्षालाई दृष्टिगत गरी तद्अनुरुप सेवा पुऱ्याउन र प्रतिस्पर्धी बीच आफनो छुट्टै पहिचान बनाउन बैंकले विभिन्न नयां उत्पादन तथा सेवाहरु प्रचलनमा ल्याउने प्रकृया शुरु गरेको छ ।साथै ग्राहक मैत्री सेवा उपलब्ध गराउदै जाने योजना बैंकको रहेको छ ।

**ख) शाखा सञ्जालः** बैंकको पहुंच नभएका ठाउँहरुमा आफनो उपस्थिति जनाउदै जाने उद्देश्यले आवश्यकता अनुसार शाखा सञ्जाल बढाउँदै लैजाने बैंकको कार्यक्रम छ ।

**ग) डेबिट केडिट कार्ड :** बजारमा आफनो बलियो उपस्थितीलाई कायम राख्न आफनो कार्ड व्यवसायलाई व्यापकरुपमा विस्तार गर्दै जाने प्रयासमा बैंक लागेको छ । आफ्नो राष्ट्रिय भुक्तानी संजालमा सदस्य संख्या बढाउँदै लैजान बैंक प्रयत्नशील छ । यस बाट बैंकको ग्राहक संख्या र आम्दानी वृद्धिमा सहयोग पुग्ने छ ।

**घ) एटिएम संजालः** आफ्नो ग्राहकवर्गहरुलाई बढि सुविधा प्रदान गर्ने बैंकको रणनीतिअनुरुप उपत्यकाभित्र तथा बाहिर एटिएम जडान गर्दै जाने योजना बैंकको रहेको छ ।

**ङ) सूचना प्रविधिमा आधारित सेवा :**बैंकले नविनतम प्रविधिको माध्यमबाट आफ्नो ग्राहकहरुलाई मूल्य अभिवृद्धि सेवाहरु प्रदान गर्ने ध्येय राखेको छ ।

**च) विप्रेषण :** विप्रेषण व्यवसायमा आफनो बजार अंश बढाउँदै लैजान बैंकले आवश्यक्ता अनुसार देश भरी विप्रेषण वितरक एजेण्ट पुऱ्याउने योजना गरेको छ ।

**छ) अन्य व्यवसायः** यस बैंकले लघुवित्त लगायतका अन्य क्षेत्रमा लगानी गरेको छ । यसबाट बैंकको आम्दानी बृद्धिका साथै संकुचित हुदै गएको मार्जिनमा समेत सुधार आउने अपेक्षा गर्न सकिन्छ ।

(२) **प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्यः**
एकातर्फ विगतमा छोटो अवधिमानै धेरै बैंक तथा वित्तीय संस्थाहरु स्थापना भई संचालनमा आईसकेका छन् । यो परिस्थितिले गर्दा देशको बैंकिङ्ग वातावरण प्रतिस्पर्धात्मक छ भने अर्को तर्फ देशले अपनाएको खुला आर्थिक नीतिले लगानीकर्ताहरुलाई विभिन्न क्षेत्रमा लगानी गर्ने अवसरहरु प्राप्त भएका छन् । हाल विश्वव्यापी महामारीको रुपमा फैलिरहेको (COVID-19) संक्रमणको कारणले गर्दा राष्ट्रिय तथा अन्तराष्ट्रिय अर्थतन्त्रमा नै गहिरो असर परिरहेको छ । यसै बीच विगत केही समय यता देखा परेको देशको आर्थिक स्थितिको बारेमा केही चिन्तित हुनुपर्ने स्थिति छ । यो अवस्थाले देशको बैंकिङ्ग व्यवसाय र अर्थतन्त्रलाई पनि प्रभाव पार्ने देखिएकोछ । देशको बैंकिङ्ग व्यवसाय बीचको प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र हाल सम्मका दिनहरुमा बैंकिङ्ग क्षेत्रले उत्साहजनक सफलता पाईरहेको आधारमा यस बैंकले स्थापनाको छोटो अवधिमा नै ग्राहकहरुको चाहना र आवश्यकता अनुसारका स्तरीय ग्राहकोन्मुख सेवा तथा सुविधाहरु प्रदान गरेर उपलब्ध श्रोत र साधनको उपयुक्त परिचालन गरी तुलनात्मक रुपमा उत्साहजनक उपलब्धि हासिल गरेको छ । त्यस कारण बैंकको विद्यमान उपलब्धिहरु एवं प्रस्तुत भावी योजनाहरुको आधारमा बैंकको भविष्य सुढृढ हुने देखिन्छ । साथै बैंकले राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी तथा गैर सरकारी संघसंगठन, कम्पनी, व्यक्ति र संघ संस्थाहरु तथा अन्य सबै सरोकारवालाहरुसँग सुमधुर व्यवसायिक सम्बन्ध कायम राखेको र बैंकको औद्योगिक तथा व्यवसायिक सम्बन्ध समाजका सबै तहमा पारदर्शी र सौहार्दपूर्ण रहेकोले यसलाई निरन्तरता दिइनेछ ।

यस सम्बन्धमा बैंकको हालसम्मको प्रगति विवरण लगायत बर्तमान बजारमा बैंकको अवस्थाको पुष्टी बैंकको वित्तीय विवरणबाट स्पष्ट रुपमा देखिएको छ ।

**(घ) सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्थाः**

यस बैंकमा ७ (सात) जनाको सञ्चालक समिति रहेको छ । सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ :

| | |
|---|---|
| “क” समूहका संस्थापक समूहका शेयरधनीहरुबाट मनोनित वा निर्वाचित सञ्चालकहरु | ३ जना |
| “ख” समूहका सर्वसाधारण समूहको शेयरधनीबाट निर्वाचित सञ्चालकहरु | ३ जना |
| बैंक तथा वित्तीय संख्या सम्बन्धी ऐन, २०७३ को दफा १४(३) बमोजिम नियुक्त स्वतन्त्र सञ्चालक | १ जना |
| **जम्मा** | **७ जना** |

सञ्चालकहरुको कार्यकाल ४ वर्षको हुनेछ ।

**<u>सञ्चालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था :</u>**

यस बैंकको नियमावलीको नियम १३ मा व्यवस्था भए अनुसार बैंकको सञ्चालकको पदमा नियुक्त हुनका लागि आफ्नो नाममा कम्तिमा १०० (एक सय) कित्ता शेयर लिएको हुनु पर्नेछ । तर बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४ बमोजिम नियुक्ति हुने स्वतन्त्र सञ्चालकको हकमा सो व्यवस्था लागू हुने छैन ।

**ग.४. पूँजी संरचना सम्बन्धी जानकारीः**

**(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

**क) अधिकृत पूँजी** : बैंकको अधिकृत पूँजी रु.५,००,००,००,०००/- (अक्षेरुपी पाँच अर्ब मात्र) रहेको छ । सो पूंजीलाई प्रति शेयर रु.१०० का दरका ५,००,००,००० (पाँच करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**ख) जारी पूँजी** : यस बैंकको तत्काल जारी गरेको शेयर पूँजी रु.३,८४,४८,२२,७८१.५०।- (अक्षेरुपी तीन अर्ब चौरासी करोड अड्चालिस लाख बाइस हजार सात सय एकासी रुपैया, पैसा पचास मात्र) हुनेछ ।

**ग) चुक्ता पूँजी** : यस बैंकको चुक्ता पूँजी रु.३,८४,४८,२२,७८१.५०।- (अक्षेरुपी तीन अर्ब चौरासी करोड अड्चालिस लाख बाइस हजार सात सय एकासी रुपैया, पैसा पचास मात्र) हुनेछ ।

**कम्पनीको स्थापना पश्चात् अधिकृत, जारी एवं चुक्ता पुँजीमा निम्न बमोजिम परिवतर्न भएको छः**

| आर्थिक वर्ष | अधिकृत पूँजी (रु.) | जारी पूँजी (रु.) | चुक्ता पूँजी (रु.) | कैफियत |
|---|---|---|---|---|
| २०६४/०६५ | ७४०,०००,००० | २५९,०००,००० | २५९,०००,००० | |
| २०६५/०६६ | ७४०,०००,००० | २५९,०००,००० | २५९,०००,००० | |
| २०६६/०६७ | ७४०,०००,००० | ४४८,०००,००० | ४४८,०००,००० | |
| २०६७/०६८ | ७४०,०००,००० | ७४०,०००,००० | ७४०,०००,००० | |
| २०६८/०६९ | ७४०,०००,००० | ७४०,०००,००० | ७४०,०००,००० | |
| २०६९/०७० | ७९१,८००,००० | ७९१,८००,००० | ७९१,८००,००० | |

| | | | | |
|---|---|---|---|---|
| २०७०/०७१ | ७९१,८००,००० | ७९१,८००,००० | ७९१,८००,००० | |
| २०७१/०७२ | ८४७,२२६,००० | ८४७,२२६,००० | ८४७,२२६,००० | |
| २०७२/०७३ | ९२३,४७६,३४० | ९२३,४७६,३४० | ९२३,४७६,३४० | |
| २०७३/०७४ | २,५००,०००,००० | २,२०३,८८१,९४४ | २,१२९,०५३,३१२ | |
| २०७४/०७५ | ३,०००,०००,००० | २,५९३,६०९,०२५ | २,५९३,६०९,०२५ | |
| २०७५/०७६ | ५,०००,०००,००० | ३,१००,०३८,५२६ | ३,१००,०३८,५२६ | |
| २०७६/०७७ | ५,०००,०००,००० | ३,४९५,२९३,४३८ | ३,४९५,२९३,४३८ | |
| २०७७/०७८ | ५,०००,०००,००० | ३,८४,४८,२२,७८१ | ३,८४,४८,२२,७८१ | |

**ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :** ऋणपत्र निष्काशन गर्नु पूर्व बैंकको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ।

अ. शेयर पुँजी

| समूह | शेयरधनी | शेयर कित्ता | पूंजी संरचना | चुक्ता रकम रु. | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक | १,९६,०८,५९६.१८५६ | ५१.००% | १,९६,०८,५९,६१८.५६ | शत प्रतिशत |
| ख | सर्वसाधारण (कर्मचारीहरु समेत) | १,८८,३९,६३१.६२९३ | ४९.००% | १,८८,३९,६३,१६२.९३ | शत प्रतिशत |
| **जम्मा** | | **३,८४,४८,२२७.८१४९** | **१००.००%** | **३,८४,४८,२२,७८१.५०** | |

ऋणपत्र निष्काशन गरी बाँडफाँट गरे पश्चात बैंकको शेयर पुँजी र ऋण पूँजीको संरचना देहाय बमोजिम हुनेछ :

अ. शेयर पुँजी

| समूह | शेयरधनी | शेयर कित्ता | पूंजी संरचना | चुक्ता रकम रु. | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक | १,९६,०८,५९६.१८५६ | ५१.००% | १,९६,०८,५९,६१८.५६ | शत प्रतिशत |
| ख | सर्वसाधारण (कर्मचारीहरु समेत) | १,८८,३९,६३१.६२९३ | ४९.००% | १,८८,३९,६३,१६२.९३ | शत प्रतिशत |
| **जम्मा** | | **३,८४,४८,२२७.८१४९** | **१००.००%** | **३,८४,४८,२२,७८१.५०** | |

आ. ऋण पुँजी

| विवरण | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|
| "ज्योति विकास बैंक बण्ड २०८७" | रु.१,५०,००,००,०००/- | निष्काशन प्रकृयामा |
| **जम्मा** | **रु.१,५०,००,००,०००/-** | |

**(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात) : नरहेको।**

**ग.५. संस्थापक/सञ्चालक सम्बन्धी जानकारी :**

**(क) संस्थापक/सञ्चालकको पृष्ठभूमी:**

**(१) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित ब्यापार/ब्यवसायमा अनुभव :**

**आधारभूत शेयरधनीको विवरण :**

| सि.नं | नाम, ठेगाना | पद | उमेर (वर्ष) | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | अनुभव (पूर्व र हाल कार्यरत) |
|---|---|---|---|---|---|---|---|
| १ | माला ईन्भेष्टमेन्ट प्रा.लि., ठमेल, काठमाडौं | संस्थापक | | नेपाली | ६८८,४०२ | - | प्रचलित कानून बमोजिम स्थापना भई लगानी सम्बन्धित विविध कार्य गर्ने इन्भेष्टमेन्ट कम्पनी |
| २ | गंगालाल श्रेष्ठ, बट्टार, नुवाकोट | संस्थापक | ७५ | नेपाली | ४३४,९८८ | साक्षर | बैंक तथा वित्तीय संस्थाको संचालक तथा विभिन्न |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | व्यवसायमा विगत २० वर्षको अनुभव |
| ३ | विरेन्द्र जंग पाण्डे, बेलकोट, नुवाकोट | संस्थापक | ३० | नेपाली | ४३३,००१ | एम बि.एस | विगत ५ वर्ष देखि उत्पादन तथा निर्यात जन्य व्यापार तथा विगत ७ वर्ष देखि पूँजी बजारमा कार्य गरेको अनुभव |

**सञ्चालकहरुको विवरण:**

| सि.नं | नाम, ठेगाना | पद | योग्यता | राष्ट्रियता | उमेर | अनुभव (पूर्व र हाल कार्यरत) | शेयर स्वामित्व |
|---|---|---|---|---|---|---|---|
| १. | श्री हरि प्रसाद, ग्वालिचौर १ बाग्लुङ | अध्यक्ष | स्नातकोत्तर | नेपाली | ५८ | मिति २०६५/०७/२८ देखि २०७५/१२/१५ सम्म हाम्रो विकास बैंक लि.मा सञ्चालक समितिको अध्यक्ष पदमा रही कार्य गर्नुभएको र २०७७/१०/१४ देखि ज्योति विकास बैंक लि.को सञ्चालक समितिको अध्यक्ष पदमा रहनुभएको । | ३,७४,४६४ |
| २. | श्री हरि चन्द्र खड्का, खड्गभञ्ज्याङ ६, नुवाकोट | सञ्चालक | एम.बि.एस | नेपाली | ४० | मिति २०६५/०७/२८ देखि २०६९/०९/१८ सम्म हाम्रो विकास बैंक लि.मा संचालक रही कार्य गर्नुभएको र मिति २०६९/०९/२९ देखि हाल सम्म ज्योति विकास बैंक लि.मा सञ्चालक पदमा (मिति २०७३/०९/२८ देखी २०७७/१०/१४ सम्म सञ्चालक समितिको अध्यक्ष) रहनुभएको । | १,३२,३४५ |
| ३. | श्री सन्तोष अधिकारी, महाकाली ५, नुवाकोट | सञ्चालक | एम.बि.एस | नेपाली | ३७ | मिति २०७०/०९/१६ देखि २०७३/०९/२२ सम्म हाम्रो विकास बैंक लि.मा संचालक रही कार्य गर्नुभएको र मिति २०७३/०९/२८ देखि हाल सम्म ज्योति विकास बैंक लि.मा संचालक पदमा रहनुभएको । | १,८५,६२८ |
| ४. | श्री मन महर्जन, तारकेश्वर ११, काठमाडौं | सञ्चालक | एम.बि.एस | नेपाली | ४० | प्रध्यापन पेशामा आवद्ध रही मिति २०७६/०९/२८ देखि हाल सम्म ज्योति विकास बैंक लि. मा सञ्चालक पदमा रहनुभएको । | ६७३ |
| ५. | श्री ध्रुव कोइराला, गोरखा न.पा.१४, गोरखा | सञ्चालक | एल.एल.एम. | नेपाली | ४२ | कानुन व्यवसायीको रुपमा विगत १६ बर्ष देखि कार्यरत रहनु भएको र मिति २०६७/११/२० देखि हाल सम्म ज्योति विकास बैंक लि.मा सञ्चालक पदमा (मिति २०७२/११/०९ देखी २०७३/०९/२८ सम्म सञ्चालक समितिको अध्यक्ष) रहनुभएको । | १०,२२५ |
| ६. | श्री नरेश राज आचार्य, मानपुर ४, दाङ | सञ्चालक | एम.एस.सी./ एम.बि.ए. | नेपाली | ५९ | विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुमा विगत २२ वर्ष देखि **Structure Engineer/Civil Engineer** को रुपमा कार्यरत रहनुभएको र मिति २०७७/१०/१४ देखि ज्योति विकास बैंक लि.मा | ४,०७४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | सञ्चालक पदमा रहनुभएको । | |
| ७. | श्री सुरेन्द्र बहादुर नेपाली, सानेपा २, ललितपुर | स्वतन्त्र सञ्चालक | एल.एल.एम. | नेपाली | ६१ | राष्ट्रिय समाचार समितिको नायव महाप्रवन्धक पदबाट अवकाश भई प्रध्यापन पेशामा आवद्ध रही मिति २०७७/०७/२८ देखि ज्योति विकास बैंक लि.मा स्वतन्त्र सञ्चालक पदमा रहनुभएको । | नभएको |

**(२) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुले सम्म) :**

| सि.नं. | संस्थाको नाम, ठेगाना र संक्षिप्त विवरण | सञ्चालकहरुको विवरण | शेयर स्वामित्व (कित्ता) |
|---|---|---|---|
| १. | क्यालिबर ईन्भेष्टमेन्ट क. प्रा.लि., ३२, काठमाडौं : प्रचलित कानून बमोजिम स्थापना भई लगानी सम्बन्धित विविध कार्य गर्ने । | जयन्द्र श्रेष्ठ, काठमाडौं<br>उत्तम अर्याल, काठमाडौं<br>श्यामराज पौडेल, काठमाडौं<br>शुखदेव घिमिरे, काठमाडौं<br>मोहन बहादुर बस्नेत, ललितपुर | १२३,०१९ |
| २. | ट्रि ईन्भेष्टमेन्ट प्रा.लि.,काठमाण्डौ प्रचलित कानून बमोजिम स्थापना भई लगानी सम्बन्धित विविध कार्य गर्ने । | मोहन प्रसाद पाण्डे, का.जि.का.म.न.पा. वडा नं. १<br>देवेन्द्र वाग्ले, गोरखा जिल्ला वुङकोट गा.पा. वडा नं १<br>निर्मल गौतम, तनहुं जिल्ला राईपुर गा.पा. वडा नं ३<br>नारायण प्रसाद पाण्डे, अर्घाखाची जिल्ला भगवती गा.वि.स. वडा नं ९<br>गोविन्द दाहाल, चितवन जिल्ला पदमपुर गा.वि.स. वडा नं | १०३,०४६ |
| ३. | प्रकृति ईन्भेष्टमेन्ट एण्ड सेकुरीटिज प्रा.लि., काठमाण्डौ प्रचलित कानून बमोजिम स्थापना भई लगानी सम्बन्धित विविध कार्य गर्ने । | हरि प्रसाद, ग्वालिचौर १, बाग्लुङ<br>सुदिप थापा, काठमाडौं<br>ठाकुरनाथ लामिछाने, नुवाकोट<br>जीवन बहादुर श्रेष्ठ, नुवाकोट<br>केशब प्रसाद पौडेल, रसुवा | १,१३३ |
| ४. | हाथवे इन्भेष्टमेण्ट नेपाल लि., का.म.न.पा-३० जमल : प्रचलित कानून बमोजिम स्थापना भई लगानी सम्बन्धित विविध कार्य गर्ने । | हेम राज ढकाल, काठमाडौं<br>अम्बिका प्रसाद ढकाल, स्याङ्जा<br>नवराज नेपाल, धादिङ्ग<br>कमल प्रसाद अर्याल, स्याङ्जा | ९,२३७ |
| ५. | हिमाल हाईड्रो एण्ड जनरल कन्ट्रक्सन लि., सानेपा, ललितपुर प्रचलित कानून बमोजिम स्थापना भई हाईड्रो सम्बन्धित विविध कार्य गर्ने । | निर्वाण कुमार चौधरी, काठमाडौं<br>चन्द्रशेकरण सुब्रमण्यम, भारत<br>नारायण श्रेष्ठ, उदयपुर<br>निधिराज न्यौपाने, जुम्ला<br>पिटर लकउड, यू.के. | १५७,९२५ |
| ६. | रेज ईन्भेष्टमेन्ट प्रा.लि.,काठमाण्डौ प्रचलित कानून बमोजिम स्थापना भई लगानी सम्बन्धित विविध कार्य गर्ने । | दीपक नरसिंह श्रेष्ठ, ललितपुर<br>श्याम सुन्दर रुंगटा, काठमाडौं<br>आयुष रुंगटा, काठमाडौं | २,४९४ |
| ७. | माला ईन्भेष्टमेन्ट प्रा.लि.,काठमाण्डौ प्रचलित कानून बमोजिम स्थापना भई | | ६६९,९२५ |

| | | | |
|---|---|---|---|
| | लगानी सम्बन्धित विविध कार्य गर्ने । | जयराम नेपाल, धादिङ | |

| | | | |
|---|---|---|---|
| ८. | बेष्ट म्यानेज इन्भेष्टमेण्ट प्रा.लि.काठमाण्डौ प्रचलित कानून बमोजिम स्थापना भई लगानी सम्बन्धित विविध कार्य गर्ने । | सुवास सिलवाल, काठमाडौं<br>दामोदर रायमाझी, काठमाडौं<br>विनोद काफ्ले , काठमाडौं<br>विष्णु प्रसाद न्यौपाने , काठमाडौं<br>राधा देवी, काठमाडौं | ६३४ |
| ९. | IMS लगानी व्यवस्थापन सेवा प्रा. लि., काठमाण्डौ प्रचलित कानून बमोजिम स्थापना भई लगानी सम्बन्धित विविध कार्य गर्ने । | संदीप बिक्रम राना, काठमाडौं<br>रचित अग्रवाल, काठमाडौं | ५,६६८ |

**(३) संगठित संस्थाको सञ्चालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

| | | |
|---|---|---|
| १. | प्रकृति ईन्भेष्टमेन्ट एण्ड सेकुरीटिज प्रा.लि., काठमाण्डौ प्रचलित कानून बमोजिम स्थापना भई लगानी सम्बन्धित विविध कार्य गर्ने । | हरि प्रसाद, ग्वालिचौर १, बाग्लुङ ( ज्योति विकास बैंकको अध्यक्ष/यस संस्थाको अध्यक्ष) |

**(४) संस्थापक/सञ्चालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

यस बैंकको प्रवन्धपत्र/नियमावलीमा शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

क) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई वित्तीय संस्थाको शेयर कुनै विदेशी बैंक वा वित्तीय संस्थालाई बिक्री वा हस्तान्तरण गरिने छैन ।

ख) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिई संस्थापक र सर्वसाधारण समूहको शेयर स्वामित्व अनुपातमा परिवर्तन गर्न पाइने छैन ।

ग) वित्तीय संस्थाले कारोबार संचालन गरेको पाँच वर्ष नपुगे सम्म सो संस्थाको संस्थापकहरुले आफ्नो शेयर बिक्री वा धितोबन्धक राख्न पाउने छैन र उक्त अवधिपछि त्यस्तो शेयर बिक्रीगर्दा वा धितो बन्धक राख्नु पर्दा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ । यस व्यवस्था बमोजिम वित्तीय संस्थाले कारोबार संचालन गरेको पाँच वर्ष नपुगेता पनि वित्तीय संस्थाको संचालनमा कुनै बाधा व्यवधान उत्पन्न भई विशेष परिस्थितिको सृजना हुन गएमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई संस्थापकहरुका बीचमा शेयर खरिद बिक्री गर्न सकिनेछ ।

तर, त्यसरी हक छोड्दा वा हस्तान्तरण गर्दा पहिलो प्राथमिकता जुन समूह/उप समूहको हो सोही समूह/उपसमूहका शेयर धनीहरुलाई दिनुपर्नेछ । यसरी शेयर बिक्री गर्दा एक भन्दा बढी शेयरधनीले शेयर खरिद गर्न चाहेमा निजले धारण गरेको शेयरको अनुपातमा वितरण गर्नुपर्ने छ । सो समूहका कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर सञ्चालक समितिको निर्णय बमोजिम नेपाल राष्ट्र बैंकको स्वीकृति लिई अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिने छ ।

घ) कुनै शेयरधनीको मृत्यु भएमा वा अदालतको आदेशले निजको शेयर हकवालामा नामसारी हुने भएमा खण्ड (ग) को बन्देज लागू हुने छैन ।

ङ) सर्वसाधारणले शेयर खरिद गर्दा न्यूनतम १० कित्ता वा १० अंकले भाग गर्दा शेष नरहने गरी अधिकतम १०,००० कित्ता खरिद गर्न सकिनेछ । तर, हकप्रद शेयर र बोनस शेयरको हकमा यो बन्देज लागू हुने छैन ।

च) वित्तीय संस्थाका सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा वित्तीय संस्थाको व्यवस्थापन तथा लेखा सम्बन्धीकार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाको बखत वा त्यस्तो पदबाट अवकाशप्राप्त गरेको कम्पनीमा एक वर्षसम्म वित्तीय संस्था वा त्यसको सहायक कम्पनीको शेयर आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा खरिद बिक्री गर्न, गराउन, गर्न दिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेनदेन गर्न हुँदैन ।

छ) कसैले खण्ड (च) को विपरित काम गरेमा त्यस्तो शेयर वित्तीय संस्थाले जफत गर्नेछ र त्यसरी जफत भएको शेयर सञ्चालक समितिले उचित ठहऱ्याएको किसिमबाट बिक्री वितरण गर्न सक्नेछ ।

ज) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी कानून र धितोपत्र कारोबार सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

झ) वित्तीय संस्थाले आफ्नो शेयर आफै खरीद गर्दा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कम्पनी सम्बन्धी कानूनमा भएको व्यवस्थाको अधीनमा रही खरीद गर्नेछ ।

ञ) बैंकको कुनै शेयरधनीले आफ्नो शेयर अर्को व्यक्तिलाई बिक्री गरेमा शेयर खरिद गर्ने व्यक्तिले त्यस्तो शेयर दाखिल खारेज गर्नको निमित्त नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको ढाँचामा तोकिएको दस्तुर, शेयर खरिद बिक्रीसँग सम्बन्धित लिखत र शेयरको प्रमाणपत्र सहित बैंकको रजिष्टर्ड कार्यालयमा निवेदन दिनु पर्नेछ ।

**(ख) संस्थापक/सञ्चालक सँगको कारोबार :**

**१) संगठित संस्थाबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए बापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :** वार्षिक साधारण सभाबाट पारित सुविधा बाहेक अन्य केहि सुविधा नभएको ।

**२) बुँदा (ख) (१) मा उल्लेखित बस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :** सो नभएको ।

**ग.६. सीमित दायित्व सम्बन्धी विवरण :**

यस बैंक कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरवालाहरुको दायित्व सीमित छ । यस बैंकका शेयरवालाको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकम सम्म मात्र सीमित रहनेछ ।

**ग.७. संगठित संस्थाको कर्मचारी सम्बन्धी विवरण :**

**(क) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :**

**(१) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्ता कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनुपर्ने ।**

| क्र.स. | कर्मचारीको नाम | तह | योग्यता | नियुक्त मिति | कार्य अनुभव | शेयर संख्या |
|---|---|---|---|---|---|---|
| १. | श्री श्रीचन्द्र भट्ट | प्रमुख कार्यकारी अधिकृत | एम.बि.ए | २०७७।०४।०७ | -महालक्ष्मी फाईनान्स लि. मा नोभेम्बर १९९५ देखि १९९९ सम्म प्रबन्धक पदमा रही कार्य गरेको अनुभव ।<br>-नेपाल इन्भेष्टमेण्ट बैंक लि. मा फेब्रवरी १९९९ देखि २०१५ सम्म अधिकृत देखि सहायक महाप्रबन्धक सम्मको पदमा रही कार्य गरेको अनुभव ।<br>-मेगा बैंक लि. मा नोभेम्बर २०१५ देखि अप्रिल २०१६ सम्म नायव प्रमुख कार्यकारी अधिकृत पदमा रही कार्य गरेको अनुभव ।<br>-रेमिट टु नेपाल प्रा.लि. मा अप्रिल २०१६ देखि अगस्ट २०१८ सम्म प्रमुख कार्यकारी अधिकृतको पदमा रही कार्य गरेको अनुभव ।<br>-आईएमई लाईफ इन्स्योरेन्स कम्पनीमा सेप्टेम्बर २०१८ देखि जुलाई २०२० सम्म प्रमुख कार्यकारी अधिकृतको पदमा रही कार्य गरेको अनुभव । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | -ज्योति बिकास बैंक लि.मा २०७७।०४।०७ देखि हाल सम्म प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत । | |
| २. | श्री पारस राज कंडेल | नायव प्रमुख कार्यकारी अधिकृ | सि.ए. | २०७५।१२।१५ | -आइसिआइसिआई बैंक इन्डियामा २००७ देखि डिसेम्बर २००८ सम्म सहायक प्रबन्धकको रुपमा कार्य गरेको अनुभव ।<br>-स्टार्न्डड फाइनान्स लि.मा जनवरी २००९ देखि डिसेम्बर २०१० सम्म फाइनान्स हेडको रुपमा कार्य गरेको अनुभव ।<br>-सिभिल बैंक लि. मा डिसेम्बर २०१० देखि अक्टोबर २०१३ सम्म आन्तरिक लेखा परिक्षक र एमएल/सिएफटी प्रमुखको रुपमा कार्य गरेको अनुभव ।<br>-हाम्रो विकास बैंक लि.मा प्रमुख कार्यकारी अधिकृतको रुपमा २ बर्ष ९ महिना कार्य गरेको अनुभव ।<br>-ज्योति बिकास बैंक लि.मा मार्च २०१९ देखि कार्यरत भई हाल नायव प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिवको रुपमा कार्यरत । | |
| ३. | श्री शुशील कुमार शर्मा | प्रमुख जोखिम अधिकृत | एम.बि.ए. | २०७५।०५।१८ | -नविल बैंक लि.मा अक्टोबर १९९० देखि १९९५ सम्म बरिष्ट सहायक पदमा रही कार्य गरेको अनुभव<br>-नेपाल एसबिआई बैंक लि. मा १९९५ देखि २०१७ सम्म अधिकृत पद देखि रिजनल म्यानेजर सम्मको विभिन्न पदमा रही कार्य गरेको अनुभव ।<br>-ज्योति बिकास बैंक लि.मा सेप्टेम्बर २०१८ देखि कार्यरत भई हाल प्रमुख जोखिम अधिकृतको रुपमा कार्यरत । | |
| ४. | श्री रामहरि आचार्य | प्रमुख व्यवसाय अधिकृत | एम.पि.ए | २०७५।०५।१८ | -एभरेष्ट बैंक लि. मा मे १९९८ देखि सेप्टम्बर २०१८ सम्म सहायक देखि शाखा प्रमुख सम्मको बिभिन्न पदमा रही कार्य गरेको अनुभव । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | -ज्योति बिकास बैंक लि.मा मार्च २०१८ देखि कार्यरत भई हाल प्रमुख व्यवसाय अधिकृतको रुपमा कार्यरत । | |
| ५. | श्री बलदेव थापा | प्रमुख सञ्चालन अधिकृत | एम.बि.एस | २०७४।०५।१४ | -नेपाल बैंक लि. मा जुलाई २००५ देखि मार्च २०१० सम्म बरिष्ट सहायक र रिलेशनशिप अफिसरको पदमा रही कार्य गरेको अनुभव ।<br>-टुरिजम डेभलपमेन्ट बैंक लि. मा मार्च २०१० देखि नोभेम्बर २०१४ सम्म अधिकृत देखि सहायक प्रबन्धक सम्मको पदमा रही कार्य गरेको अनुभव ।<br>-सुप्रिम डेभलपमेन्ट बैंक लि. मा नोभेम्बर २०१४ देखि डिसेम्बर २०१६ सम्म प्रबन्धकको पदमा रही कार्य गरेको अनुभव ।<br>-नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि. मा सहायक प्रबन्धकको पदमा रही कार्य गरेको अनुभव ।<br>-ज्योति बिकास बैंक लि.मा मे २०१७ देखि कार्यरत भई हाल प्रमुख संचालन अधिकृतको रुपमा कार्यरत । | |
| ६. | श्री उमा श्रेष्ठ | प्रमुख वित्त अधिकृत | सि.ए., एम.बि.ए | २०६९।०७।१९ | -अप्रिल २०१० देखि अक्टोबर २०१२ सम्म अडिट मेनेजरको रुपमा कार्य गरेको अनुभव ।<br>-ज्योति बिकास बैंक लि.मा नोभेम्बर २०१२ देखि कार्यरत भई हाल प्रमुख वित्त अधिकृतको रुपमा कार्यरत । | |

**नोट : माथि उल्लेखित उच्च व्यवस्थापकीय तहका कर्मचारीहरु अन्य कुनै सुचिकृत संगठित संस्थाको वा अन्य कुनै संगठित संस्थाको आधारभुत शेयरधनी नरहेको जानकारी गराउदछौं ।**

(२) **विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ वर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नुपर्ने :** १ वर्ष अगाडिको अवधिमा उच्च व्यवस्थापकीय तहमा नियम अनुसार अवकाश प्राप्त भएको बाहेक अन्य परिवर्तन नभएको ।

(३) **कर्मचारी संख्या : ८११ जना ।**
स्थायी : ६८० जना ।
करार : १३१ जना ।

**(ख) <u>सञ्चालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :</u>**

(१) **सञ्चालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा :**

(क) बैंकको कामको सिलसिलामा अध्यक्ष तथा सञ्चालकहरुलाई प्रदान गरिने दैनिक भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :

(अ) स्वदेशमा दैनिक भत्ता रु. ६,०००/-, प्रति बैठक (अध्यक्ष ) रु.१०,०००/- प्रति बैठक (सञ्चालक) रु.९,०००/-
(आ) भारतमा दैनिक भत्ता भा.रु. २,०००/-
(इ) भारत बाहेकका अन्य विदेशी मुलुकमा दैनिक भत्ता अमेरिकी डलर १००/-
(ई) भ्रमण भत्ता बिल बमोजिम ।

(ख) अध्यक्ष तथा सञ्चालकहरुलाई सञ्चार (टेलिफोन/मोबाइल/इन्टरनेट) भत्ता बापत प्रति महिना रु. ३,०००/- र पत्रत्रिका सुविधा बापत प्रति महिना रु. १,५००/-

**(२) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका तीन जना अधिकृतहरुको नाम र पद र एक आर्थिक वर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :**

| सि.नं. | कर्मचारीको नाम | पद | एक आर्थिक वर्षको अवधि भित्र पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम ( आ.व.०७६/०७७) वित्तीय विवरण अनुसार |
|---|---|---|---|
| १. | श्री श्रीचन्द्र भट्ट | प्रमुख कार्यकारी अधिकृत | आ.व. २०७६।७७ मा कार्यरत नरहनुभएको |
| २. | श्री पारस राज कंडेल | नायव प्रमुख कार्यकारी अधिकृत | ४,६०५,०१३ |
| ३. | श्री शुशील कुमार शर्मा | नायव महाप्रवन्धक | ४,७२६,४०९ |

**(३) कुनै अधिकृत वा सञ्चालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण :** नभएको ।

**ग.८.अन्तरनिहित जोखीम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :**

(६) **धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :** यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ सम्बन्धी व्यवस्था अनुसार ऋणपत्रको बाँडफाँट गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचलित व्यबस्था अनुसार सूचिकरण तथा दर्ता गराई ऋणपत्रको खरिद बिक्री तथा राफसाफको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

**(च) प्रत्याभूति सम्बन्धी विवरण :**

**(१) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :**

यस विवरणपत्र मार्फत् निष्काशन गर्न लागिएको धितोपत्रको शत प्रतिशतले हुने रु.१ अर्ब ५० करोड बराबरको १५,००,००० (पन्ध्र लाख) कित्ता ऋणपत्रका लागि नागरिक लगानी कोष, बानेश्वर, काठमाण्डौं द्वारा प्रत्याभुति सेवा प्रदान गरिएको छ ।

**(२) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य मुख्य बूँदाहरु :**

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको प्रत्याभुतिकर्ता सँग गरिएको सम्झौताको मुख्य मुख्य बुँदाहरु देहाय
बमोजिम रहेको छ :

१. प्रत्याभुतिकर्ताले १५,००,००० (पन्ध्र लाख) कित्ता ऋणपत्रको लागि प्रत्याभुति सेवा प्रदान गरेको छ ।

२. प्रत्याभुतिकर्तालाई प्रत्याभुति सेवा प्रदान गरे बापत कम्पनीले रु.७५,००,०००/– (अक्षरेपी रुपैया पचहत्तर लाख) भुक्तानी दिइनेछ ।

३. यस विवरणपत्र अनुसार जारी गरिने ऋणपत्रहरुमा प्रत्याभुतिकर्ताको दायित्व प्रत्याभुतित कित्ता ऋणपत्रहरुमा मात्र सिमित हुनेछ ।

४. यस विवरणपत्र अनुसार जारी गरिने ऋणपत्रहरु पूर्ण रुपमा बिक्री नभएमा माथि उल्लेखित प्रत्याभुतित कित्ता ऋणपत्रहरुमा
सिमित हुने गरी प्रत्याभुतिकर्ताले खरिद गर्ने सहमति जनाएको छ ।

५. प्रत्याभुति सम्झौतापत्रको अवधि प्रत्याभुतिकर्ताको दायित्व समाप्त नभए सम्म हुनेछ ।

६. यस विवरणपत्र अनुसार जारी गरिने ऋणपत्रहरु पूर्ण रुपमा बिक्री भएको खण्डमा सम्झौतापत्र स्वतः खारेज हुनेछ ।

७. प्रत्याभुति सम्बन्धी अन्य व्यवस्थाहरु प्रचलित कानून तथा प्रत्याभुति सम्बन्धी सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

**(छ) आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

**(१) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार,लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :**

धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ/गरिनेछ । साथै यस विवरणपत्र मार्फत निष्काशन गरिएको ऋणपत्र खरिदका लागि आवेदन गरी बाँडफाँट भए पश्चात कायम ऋणपत्रधनीहरुले कम्पनीको वाार्षिक साधारण सभामा भाग लिन र मतदान गर्न पाउने छैनन् ।

**(२) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

क. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र बैंकको रजिष्ट्र्ड कार्यालय, कमलपोखरी, काठमाण्डौं, धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।

ख. यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले न्यूनतम २५( पच्चीस) कित्ता र अधिकतम ३०,००० (तीस हजार) कित्ता ऋणपत्र खरिदका लागि आवेदन दिनु पर्नेछ । न्यूनतम २५ (पच्चीस) कित्ता भन्दा बढी ऋणपत्र खरिद गर्नका लागि १ अंकको गुणाङ्कमा अधिकतममा ३०,००० (तीस हजार) कित्ता ऋणपत्र खरिद गर्नका लागि दरखास्त दिन सकिनेछ । तर व्यक्तिगत तवर (Private Placement)बाट बिक्री गरिने ऋणपत्रको हकमा अधिकतम हद लागू हुने छैन ।

ग. यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिद गर्नका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्त साथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र रु.१,०००/–(एक हजार) का दरले हुन आउने एकमुष्ठ

रकम नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थामा जम्मा गरी आवेदन दिनु पर्नेछ । तर व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने ऋणपत्रको हकमा निष्काशन कम्पनी वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक मार्फत लिखित रुपमा सहमती जनाई खरिद गर्न सक्नेछन् ।

**(३) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

क. कुनै पनि सर्वसाधारण नेपाली नागरिकका साथै नेपाली संघ संस्था वा कम्पनीले यस विवरणपत्र मार्फत जारी गरिने ऋणपत्र खरिदका लागि दरखास्त दिन सक्नेछन् । निष्काशित सम्पूर्ण ऋणपत्रका लागि ४ (चार) कार्य दिन सम्ममा सर्वसाधारण नेपाली नागरिकबाट आवेदन प्राप्त नभएको खण्डमा मात्र नेपाली संघसंस्था वा कम्पनीले आवेदन दिन पाउनेछ ।

ख. दरखास्त दिंदा नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्था मार्फत आवेदन फाराम बुझाउनु पर्नेछ र सोही संस्थाबाट उपलब्ध गराईने आवेदन फाराममा उल्लेखित सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । सो सम्बन्धी अन्य प्रकृया तथा शुल्क सम्बन्धी व्यवस्था सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाले आफ्नो कार्यालयको सूचनापाटी, वेबसाइट वा राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकामा प्रकाशित गरी तोके बमोजिम हुनेछ ।

ग. आवेदकले आवेदन दिँदा आस्वा (ASBA)सदस्य बैंक तथा वित्तीय संस्थामा रहेको आवदेन बापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय रहेको हुनु हुँदैन ।

घ. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको ऋणपत्रको लागि एक भन्दा बढी दरखास्त दिने पाउने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी दरखास्त प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्ध गरिनेछ ।

ङ. रीतपूर्वक प्राप्त नभएको आवेदनलाई ऋणपत्र बाँडफाँटमा समावेश गरिने छैन र सो को जिम्मेवार आवेदक/सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्था स्वयं हुनेछ ।

च. ऋणपत्र खरिदका लागि दरखास्त दिँदाको अवस्थामा वा दरखास्त दिई सकेपछि खरिद गरेको ऋणपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो आवेदन फारामलाई रद्द गरी सो को जानकारी सम्बन्धित आस्वा (ASBA)सदस्य बैंक तथा वित्तीय संस्थालाई गराउनेछ ।

छ. रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु.५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

**व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने ऋणपत्र खरिद गर्न चाहने आवेदकहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

१. कुनै पनि नेपाली संघ संस्थाले यस विवरणपत्र अनुसार जारी गरिने ऋणपत्र खरिद गर्न आवेदन दिन सक्नेछन् । आवेदकले आफूले लिन चाहेको ऋणपत्र, अधिकतम सीमा खुल्ने गरि यसै बैंकको बिक्री प्रबन्धकलाई लिखित रुपमा निवेदन पेश गर्नुपर्नेछ ।

२. आवेदन दिँदा आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्या र त्यसको रकम खुलाई आवेदन दिनुपर्नेछ ।

३. आवेदन फाराम नेपाली तथा अंग्रेजी दुवै भाषामा पेश गर्नुपर्नेछ ।

४. आवेदकले आवेदनसाथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र रु.१,०००/– को दरले हुन आउने रकम बराबरको एनआईबिएल एस क्यापिटल लिमिटेडको नाममा खिचिएको बैंक एकाउण्ट पेयी चेक संलग्न भएको हुनुपर्नेछ । यसरी चेक मार्फत रकम बुझाउनु हुने आवेदकहरुले आवेदनमा सो चेकको नम्बर र चेकको पछाडि आवेदकको नाम अनिवार्य रुपमा खुलाउनु पर्नेछ । यसको अलावा, निवेदकले एनआईबिएल एस क्यापिटल लिमिटेडको नाममा A/C Transfer गरी Credit Advice निवेदनको साथमा संलग्न गरेर पनि आवेदन दिन सकिनेछ ।

५. कम्पनी वा संस्थाले ऋणपत्रका लागि आवेदन दिँदा कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि र लगानी गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय समावेश गरेको हुनुपर्नेछ ।

६. रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु.५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

**ग.११.सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :**

**निष्काशनकर्ता संगठित संस्था र निम्नलिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्थासँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

**(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको व्यक्ति** : कारोबार नभएको ।

(ख) **आधारभूत शेयरधनी :** कारोबार नभएको ।

(ग) **खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवार सदस्य** : कारोबार नभएको ।

(घ) **संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :** सो नभएको ।

(ङ) **संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको सञ्चालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्भौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा संस्थाको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्भौता गरेको भए सो कुरा :** कुनै कारोवार वा सम्भौता गरेको छैन ।

(च) **कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने :** कुनै ऋण कारोबार गरेको छैन ।

**ग.१२.विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :**

**विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्भौताको मुख्य तथा तात्विक बुँदाहरु :** सो नभएको ।

**ग.१३.सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण :**

**(क)संगठित संस्थाको विगत ३ आर्थिक वर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको शेयर संख्या :**

| विवरण | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रु.) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| चौंथो त्रैमास आ.व.०७६/०७७ | १७९ | १५४ | १६६ | १५२८१५ |
| तेश्रो त्रैमास आ.व.०७६/०७७ | २२२ | १५९ | १६६ | २२००३९८ |
| दोश्रो त्रैमास आ.व.०७६/०७७ | १७३ | १४८ | १६१ | ७४९२६२ |
| पहिलो त्रैमास आ.व.०७६/०७७ | १७० | १५२ | १५९ | ५२०११३ |
| चौंथो त्रैमास आ.व.०७५/०७६ | १७१ | १३६ | १६३ | १३६०७७१ |
| तेश्रो त्रैमास आ.व.०७५/०७६ | १४५ | १३३ | १४० | ३०५६४६ |
| दोश्रो त्रैमास आ.व.०७५/०७६ | १४२ | १३१ | १३८ | २०२६७४ |
| पहिलो त्रैमास आ.व.०७५/०७६ | १५४ | १३४ | १४१ | ४८९२३६ |
| चौंथो त्रैमास आ.व.०७४/०७५ | १७२ | १३२ | १४१ | ३४९३१९ |
| तेश्रो त्रैमास आ.व.०७४/०७५ | १६७ | १३३ | १४३ | २८६०५१ |
| दोश्रो त्रैमास आ.व.०७४/०७५ | १९८ | १५४ | १५७ | २५३२२३ |
| पहिलो त्रैमास आ.व.०७४/०७५ | २१२ | १७५ | १९१ | ४५४८८६ |

नोट :शेयरको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्यसूची मार्फत जानकारी लिन सकिनेछ ।

(ख) **बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कूल दिन र कूल कारोबार भएको धितोपत्र संख्या :**

| महिना | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रु.) | शेयर कारोबार संख्या | कारोबार दिन |
|---|---|---|---|---|---|
| २०७८ जेष्ठ | २८७ | २४९ | २७८ | ३,१४२,७९४ | २१ |
| २०७८ बैशाख | ५४८ | २८० | ५२० | ११,६२३,३१० | २१ |
| २०७७ चैत्र | २७१ | २१५ | २६६ | २,८१०,०८१ | २१ |
| २०७७ फाल्गुन | २५० | २१६ | २२० | १,६६६,७९६ | १८ |
| २०७७ माघ | २३९ | २१३ | २३५ | २,२०९,३४७ | २० |
| २०७७ पौष | २४६ | २०५ | २२४ | २,३९५,३२५ | २१ |

नोटः शेयरको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्यसूचि मार्फत जानकारी लिन सकिनेछ ।

**ग.१४.पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खूद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै**

**विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खूद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारणः**

यस ज्योति विकास बैंकले आ.व. २०७३/७४ मा हकप्रद शेयर निष्काशन गर्दा बुझाएको विवरणपत्रमा प्रस्तुत आ.व. २०७५/७६ को प्रक्षेपित वित्तीय विवरण नेपाल राष्ट्र बैंकको निर्देशन ४ अनुसार प्रस्तुत गरिएको र हालको वास्तविक वित्तीय विवरण निर्देशन ४ (NFRS) अनुसार प्रस्तुत गरिएको हुनाले तल उल्लेख गरिएको अंकहरु फरक पर्न गएको व्यहोरा जानकारी गराउदछौं ।

**वासलात**

**रकम रु हजारमा**

| **सम्पत्ति** | **बास्तविक आ.व. २०७५/०७६** | **प्रक्षेपित आ.व. २०७५/०७६** | **फरक (%)** | **कारण** |
|---|---|---|---|---|
| नगद तथा नगद समान | ६,६१३,४३६ | ३,२०९,२६९ | १०६.१% | नियमित बैंकिङ कारोवारको कारण |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनुपर्ने रकम | ९५०,९५८ | १,४८८,३४८ | -३६.१% | |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात त लगानी (प्लेसमेन्ट) | - | - | - | |
| व्यूत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण | १,०४४,५२५ | - | - | |
| अन्य व्यापारीक सम्पत्तिहरु | - | - | - | |
| बैंक तथा वित्तीय संस्थालाई प्रवाह गरेको क तथा सापटी | ९८०,३२७ | - | - | NFRS अन्तर्गत बैंक तथा वित्तीय संस्थालाई प्रवाह गरेको कर्जा लाई छुट्टै प्रस्तुत गरीएको |
| ग्राहकहरुलाई प्रवाह गरेको कर्जा तथा सापटी | २४,७७४,२१५ | १३,९६८,२५१ | ७७.४% | व्यवसाय वृद्धि भएकोले |
| धितोपत्रमा गरेको लगानी | १,५०२,५९५ | ६१४,४८८ | १४४.५% | सरकारी ऋणपत्र तथा अन्य लगानीमा वृद्धि भएको कारण |
| चालु कर सम्पत्ति | १६,६८२ | - | - | |
| सहायक कम्पनीमा लगानी | - | - | - | |
| सम्बद्ध कम्पनीमा लगानी | - | - | - | |
| सम्पत्तिमा लगानी | १७,७४४ | - | - | |
| सम्पत्ति र उपकरण | ३५२,१८१ | ६९,७०४ | ४०५.३% | शाखा विस्तार भएको कारण |
| गुडवील (ख्याती) र अमुर्त सम्पत्ति | १४,७०६ | - | - | |
| स्थगन कर सम्पत्ति | ३६,३११ | - | - | |
| अन्य सम्पत्ति | १५६,२६१ | ३०८,०४० | -४९.३% | व्यवसायको आवश्यकता अनुरुप |
| **कूल सम्पत्ति** | **३६,४५९,९४२** | **१९,६५८,१००** | **८५.५%** | |
| **दायित्व र पूँजी** | | | | |
| बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी कर्जा/सापटी | ४,५४३,७३२ | | | मुख्यतः NFRS अनुसार बैंक तथा वित्तीय संस्थाको निक्षेपलाई पून वर्गीकरण गरीएको |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम | १४८,३६५ | | | वित्तीय संस्थाको तरलता स्थिति प्रबन्ध गर्नको लागि आवश्यकता अनुसार |
| व्यूत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण | १,०८७,३७५ | | | |
| ग्राहकको निक्षेप दायित्व | २५,९९५,२०१ | १५,५२९,१८० | ६७.४% | प्रक्षेपणमा उल्लेख गरिएको भन्दा थप व्यवसाय विस्तार भएकोले |
| सापटी | ३८४,८२५ | | | वित्तीय संस्थाको तरलता स्थिति प्रबन्ध गर्नको लागि आवश्यकताअनुसार |

| | | | | |
|---|---|---|---|---|
| चालु कर दायित्व | - | २१५,३२९ | | |
| व्यवस्था रकमहरु | - | | | |
| स्थगन कर दायित्व | - | | | |
| अन्य दायित्वहरु | २९३,५२२ | १२१,००७ | १४२.६% | व्यवसायको आवश्यकता अनुरुप । |
| जारी गरिएको ऋणपत्र | - | | | |
| असुरक्षित सहायक आवधिक दायित्व | - | | | |
| **कूल दायित्व** | **३२,४५३,०२०** | **१५,८६५,५१६** | **१०५%** | |
| **पूँजी** | - | | | |
| शेयर पूँजी | ३,१००,०३९ | २,५६७,९७० | २०.७% | बोनस शेयर प्रदान गरिएको र हाम्रो विकास बैंक लिमिटेड प्राप्ती |
| शेयर प्रिमियम | ४,८८९ | | | |
| सञ्चित मुनाफा | ३९६,९२३ | | | मुख्यतः NFRS को कारण र नाफाको परिवर्तनले गर्दा फरक |
| जगेडा | ५०५,०७१ | १,२२४,६१४ | -५८.८% | मुख्यतः NFRS को कारण र नाफाको परिवर्तनले गर्दा फरक |
| **शेयरधनीहरुलाई बाँडफाँडयोग्य कूल इक्विटी** | **४,००६,९२१** | **३,७९२,५८४** | ५.७% | |
| **गैर नियन्त्रित स्वार्थ** | - | | | |
| **जम्मा पूँजी** | **४,००६,९२१** | **३,७९२,५८४** | ५.७% | |
| **जम्मा दायित्व र पूँजी** | **३६,४५९,९४२** | **१९,६५८,१००** | **८५.५%** | |

**नाफा नोक्सान हिसाब**

**रकम रु हजारमा**

| विवरण | बास्तविक | प्रक्षेपित | फरक (%) | कारण |
|---|---|---|---|---|
| | आ.व. २०७५/०७६ | आ.व. २०७५/०७६ | | |
| ब्याज आम्दानी | ३,३८४,४९५ | १,५४२,७५३ | ११९.४% | कर्जा तथा लगानी वृद्धि भएकोले |
| ब्याज खर्च | २,०९०,११४ | ७११,७९६ | १९३.६% | निक्षेपमा वृद्धि भएकोले |
| **खूद ब्याज आम्दानी** | **१,२९४,३८२** | **८३०,९५७** | **५५.८%** | |
| शुल्क तथा कमिशन आम्दानी | २३८,१९९ | ६१,९९० | २८४.३% | प्रक्षेपण गरिएको भन्दा बढी बैंकिङ कारोवार तथा शुल्क तथा कमिशन आम्दानी बढी प्राप्त भएकोले । |
| शुल्क तथा कमिशन खर्च | ४,१६७ | ० | | |
| **खूद शुल्क र कमिशन आम्दानी** | २३४,०३१ | ६१,९९० | २७७.५% | |
| **खूद ब्याज, शुल्क र कमिशन आम्दानी** | १,५२८,४१३ | ८९२,९४७ | ७१.२% | |
| खूद व्यापारिक आम्दानी | ७,४६६ | - | | प्रक्षेपण गरिएको भन्दा बढी विदेशी मुद्राको कारोवार भएकोले |
| अन्य सञ्चालन आम्दानी | ३०,२२६ | ६७,७१८ | -५५.४% | प्रक्षेपण गरिएको भन्दा कम आम्दानी प्राप्त भएकोले |
| **जम्मा सञ्चालन आम्दानी** | **१,५६६,१०५** | **९६०,६६५** | ६३.०% | |
| कर्जामा सम्भावित क्षती व्यवस्था/(फिर्ता) तथा अन्य नोक्सानीहरु | ९८,७१० | (२९,५१६) | ४३४.४% | कर्जा तथा लगानी वृद्धि भएकोले र प्रक्षेपण गरिएको भन्दा बढी नोक्सानी व्यवस्था गरीएको |
| **खूद सञ्चालन आम्दानी** | **१,४६७,३९५** | **९९०,१८१** | ४८.२% | |

| | | | | |
|---|---|---|---|---|
| **सञ्चालन खर्च** | | | | |
| कर्मचारी खर्च | ४०५,१८३ | १५६,५८१ | **१५८.८%** | कर्मचारी संख्या तथा सुविधामा समयानुकुल वृद्धि |
| अन्य सञ्चालन खर्च | २६१,७२२ | ११५,८३६ | **१२५.९%** | शाखा संख्या तथा वस्तु तथा सेवामा मुल्यवृद्धि भएकोले |
| ह्रासकट्टी र परिशोधन | ५३,४१५ | | | |
| **सञ्चालन मुनाफा** | **७४७,०७४** | **७१७,७६४** | ४.१% | नाफा बढेकोले |
| गैर सञ्चालन आम्दानी | ९५ | - | - | |
| गैर सञ्चालन खर्च | ३५ | - | - | |
| **आयकर अघिको मुनाफा** | **७४७,१३४** | **७१७,७६४** | ४.१% | नाफा बढेकोले |
| **आयकर खर्च** | २१५,७९३ | २१५,३२९ | ०.२% | |
| चालू कर खर्च | २४२,५९६ | २१५,३२९ | **१२.७%** | |
| स्थगन कर खर्च | (२६,८०४) | | - | |
| **यस अवधिको मुनाफा** | **५३१,३४२** | **५०२,४३५** | ५.८% | नाफा बढेकोले |
| **नाफा वाँडफाँड** | - | | ०.०% | |
| बैंकको शेयर धनी | ५३१,३४२ | ५०२,४३५ | **५.८%** | |
| गैर नियन्त्रित स्वार्थ | - | | - | |
| **यस अवधिको मुनाफा** | **५३१,३४२** | **५०२,४३५** | ५.८% | नाफा बढेकोले |

**ग.१५.परामर्शदाता/ विशेषज्ञ सम्बन्धी विवरण:**

**(क) लेखापरीक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

- **लेखापरीक्षक :** यस बैंकको आ.व.०७६/०७७ को बैधानिक लेखापरीक्षक श्री संजीव कुमार मिश्र, साझेदार,श्री टि.आर. उपाध्याय एण्ड कम्पनी रहनु भएको छ ।
- **प्रमुख बैंक :** यस निष्काशनको लागि प्रमुख बैंकको व्यवस्था गरिएको छैन ।
- **निष्काशन कार्यसँग संलग्न बैंक**
  "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" पूर्ण रुपमा लागू भईसकेको सन्दर्भमा यो व्यवस्था लागू नहुने ।
- **प्रक्षेपित वित्तीय विवरण तयार पार्ने विज्ञ**
  यस विवरणपत्रमा उल्लेख गरिएको वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञमा उज्वल न्यौपाने, पार्टनर, केएमयु एसोसियट्स रहेको छ ।
- **प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञको नाम तथा ठेगाना**
  यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने विशेषज्ञमा श्री केएमयु एसोसियट्स का चार्टर्ड एकाउन्टेन्ट श्री उज्वल न्यौपाने रहनुभएको छ ।

**(ख) माथि खण्ड १५(क) मा उल्लेखित संस्था वा व्यक्तिसँग सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरुः** सो नभएको ।

**ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण:** लागू नहुने।

**ग.१७.मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

(क) **संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दा मामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा :** लागू नहुने ।

(ख) **संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण :** हाल सम्म संगठित संस्थालाई तात्विक असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई मुद्दा दायर गरिएको छैन ।

(ग) **विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/सञ्चालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नु पर्ने :** सो नभएको ।

(घ) **संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु :** सो नभएको ।

**ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृयाः**

यस सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । कुनै पनि लगानीकर्ताले यस निष्काशनसँग सम्बन्धित विषयमा कुनै गुनासो वा सुझावका लागि सम्पर्क व्यक्ति श्री समिक्षा नेपाललाई निजकै कार्यकक्षमा वा निजलाई कार्यालय समयभित्र ४४२५२८० एक्सटेन्सन ४२२ मा सम्पर्क गर्न सकिनेछ ।

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरणः** सो नभएको ।

**ग.२०. ऋणपत्र निष्काशनसम्बन्धी विवरण :**

(क) **यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको "ज्योति विकास बैंक बण्ड २०८७" निष्काशन गर्न शर्तहरु देहाय बमोजिम रहेकोछ :**

(अ) **ऋणपत्र निष्काशनको शर्त बन्देजहरु :** ऋणपत्र निष्काशन सम्बन्धी शर्त र बन्देजहरु यस विवरणपत्रको दफा ग.१०.छ मा उल्लेख गरिएको छ ।

(आ) **ऋणपत्रको अवधि(Maturity Period) :** यस ऋणपत्रको अवधि ऋणपत्र बाँडफाँट भएको दिनबाट १० (दश) वर्षको हुनेछ । सो अवधि पश्चात कम्पनीले यस ऋणपत्रको साँवा र अन्तिम किस्ताको तिर्न बाँकी ब्याज रकम एकमुष्ठ भुक्तानी गर्नेछ ।

(इ) **निष्काशन गरिने ऋणपत्रको रकम :** प्रति ऋणपत्र रु.१,०००/– अंकित मूल्यका १५ लाख कित्ता ऋणपत्रले हुन आउने कूल रु.१ अर्ब ५० करोड ऋण पूँजी रकम मध्ये रु.६० करोड ऋणपूँजी रकम बराबर प्रति ऋणपत्र रु.१,०००/– अंकित मूल्यका ६ लाख कित्ता ऋणपत्र (सो मध्ये ५% अर्थात ३०,००० कित्ता ऋणपत्र सामुहिक लगानी कोषका लागि छुट्टयाएको समेत) सर्वसाधारण नेपालीको लागि सार्वजनिक निष्काशन तथा रु.९० करोड ऋणपूँजी रकम बराबर प्रति ऋणपत्र रु.१,०००/- अंकित मूल्यका ९ लाख कित्ता ऋणपत्र विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिनेछ ।

(ई) **ऋणपत्र साधारण शेयरमा परिणत हुने वा नहुने :** यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र १० (दश) वर्षको अवधि पश्चात एकमुष्ठ रुपमा भुक्तानी गरिने भएकोले उक्त ऋणपत्र साधारण शेयरमा परिणत नहुने ।

(उ) **ऋणपत्रको ब्याजदर (Coupon Interest Rate)र ब्याज भुक्तानी गर्ने अवधि/समय (Interest Payment Period) :** यस ऋणपत्रको वार्षिक ब्याजदर ९% हुनेछ । यस ऋणपत्रमा आर्जित ब्याज रकममा आयकर ऐन अनुसार कर लाग्नेछ । यस ऋणपत्रमा आर्जित ब्याज रकम प्रत्येक आर्थिक वर्षको प्रथम अर्ध-वार्षिक (पौष मसान्त) र वार्षिक (आषाढ मसान्त) समाप्त भए पश्चात भुक्तानी दिइनेछ । ब्याज रकम भुक्तानी दिँदा प्रथम अर्ध-वार्षिक ( पौष मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित ब्याज रकम हरेक वर्षको माघ १ गतेदेखि र वार्षिक (आषाढ मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित ब्याज रकम हरेक वर्षको श्रावण १ गतेदेखि ऋणपत्र रहेको हितग्राही खातामा लिंक रहेको बैंक खातामा सोझै भुक्तानी गरिनेछ । कुनै कारणबास भुक्तानी नभएमा निष्काशन कम्पनीको कुनै पनी शाखामा सम्पर्क गरी आफ्नो ब्याज भुक्तानी लिन सक्नुहुनेछ ।

(ऊ) **ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserve) सम्बन्धित व्यवस्था :** यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रलाई निर्धारित १० (दश) वर्ष समयावधिमा फिर्ता भुक्तानी गर्नका लागि कम्पनीले ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserve)को व्यवस्था गर्नेछ । ऋणपत्रको अवधिमा कम्पनीको नाफा नोक्सान बाँडफाँड हिसाब खाता (Profit & Loss Appropriation A/c)बाट ऋणपत्र निष्काशन भएको पहिलो वर्ष र अन्तिम वर्ष छाडी ८ (आठ) वर्ष सम्म वार्षिक समानुपातिक(Proportionate)आधारमा हुने रकम ऋणपत्र भुक्तानी जगेडा कोषमा रकमान्तरण गरिनेछ । कम्पनीले कुनै आर्थिक वर्षमा मुनाफा आर्जन गर्न नसकेको खण्डमा समेत सो वर्षमा ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserve)मा रकमान्तरण गर्नु पर्ने रकम रु १६६,६६६,६६७/- अक्षरुपी (सोह्र करोड छैसट्ठी लाख छैसट्ठी हजार छ सय सडसट्ठी रुपैयाँ) रकमान्तरण गरिनेछ । यदि कम्पनीको कुनै आर्थिक वर्षमा मुनाफा नभएमा अघिल्लो वर्षहरुको संचित मुनाफाबाट ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserve)मा रकमान्तरण गर्नु पर्ने रकम रकमान्तरण गरिनेछ ।

(ए) **ऋणपत्रवालाको अधिकार :** यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिद गर्न ऋणपत्रधनीहरुलाई कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम ऋणपत्रधनीलाई प्राप्त हुने सम्पूर्ण हक सुविधा प्राप्त हुनेछ । तर त्यस्तो ऋणपत्रधनीहरुलाई कम्पनीको साधारण सभामा भाग लिन र मतदात गर्ने अधिकार हुने छैन । कथंकदाचित बैंक टाटपल्टेमा यस विवरणपत्र मार्फत निष्काशित ऋणपत्रको भुक्तानी निक्षेपकर्ताहरु भन्दा पछाडी मात्र हुनेछ ।

(ख) **संगठित संस्थाको सम्पत्तिमा ऋणपत्रवालाको हक सम्बन्धी विवरण :** यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र बैंकको सम्पत्ति सुरक्षण नराखी निष्काशन गरिएको असुरक्षित ऋण **(Unsecured Debt)** भएको र कथंकदाचित बैंक टाटपल्टिएमा

अन्य सुरक्षित साहु र निक्षेपकर्ता भन्दा पछि मात्र भुक्तानीमा प्राथमिकता हुने गरी निष्काशन गरिएको सहायक ऋण **(Subordinate Debt)** भएको हुँदा प्रचलित कानूनले प्रदान गरेको बाहेक कम्पनीको सम्पत्तिमा ऋणपत्रधनीको कुनै निर्दिष्ट हक **(Specific Charge)** अधिकार हुने छैन । यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रधनीको बैंकको सम्पत्तिमा द्वितीय हक हुनेछ । बैंकको सम्पत्तिमा निक्षेपकर्ताको प्रथम हक लाग्नेछ । बैंकको सम्पत्ति मध्ये प्रथम हकवालाको रकम चैत मसान्त २०७७ मा रु. ४७.०३ अर्ब रहेको छ ।

**(ग) ट्रष्टीको नाम, ठेगाना तथा ट्रष्टी र कम्पनी बीच भएको सम्झौता (Trustee Deed) को प्रमुख बुँदाहरुः**

ऋणपत्र निष्काशन गर्दा ट्रष्टी नियुक्त गर्नु पर्ने व्यवस्था अनुरुप निम्नानुसार ऋणपत्र ट्रष्टीको व्यबस्था गरिएको छ ।

**(अ) ट्रष्टीको नाम तथा ठेगाना :**

ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौ रहेको छ ।

**(आ) ऋणपत्र ट्रष्टी भए बापत लिने सेवा शुल्क :**

यस विवरणपत्र मार्फत सर्वसाधारणमा तथा व्यक्तितग तवरबाट विभिन्न व्यक्ति वा संघ संस्थालाई बिक्री गरिने ऋणपत्रको ट्रष्टीको रुपमा नियुक्त श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौलाई उक्त सेवा प्रदान गरे बापत वार्षिक रु.२०,०००/–(अक्षेरुपी बीस हजार रुपैया मात्र) ट्रष्टी सेवा उपलब्ध गराएको समयावधिका लागि सेवा शुल्कको रुपमा भुक्तानी दिइनेछ ।

**(इ) ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले तोकेको व्यक्तिको नाम तथा पद योग्यता तथा अनुभव :**

ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले उक्त कम्पनीको श्री सचिन्द्र ढुंगानालाई सम्पर्क व्यक्तिको रुपमा तोकेको छ । निजले चार्टड एकाउन्टेन्ट शैक्षिक योग्यता हासिल गरी करिब ११ वर्ष भन्दा बढी वित्तीय तथा मर्चेण्ट बैंकिङ्ग क्षेत्रको कार्य अनुभव हासिल गर्नु भएको छ ।

**(इ) ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र समाधान गर्ने सम्बन्धमा गरेको व्यवस्था :**

ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र सो को समाधान गर्ने सम्बन्धमा तोकिएको सम्पर्क व्यक्ति मार्फत वा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको कार्यालय मार्फत आवश्यक व्यवस्था गरेको छ । साथै गुनासाहरु लिखित रुपमा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा जम्मा गराउनु पर्नेछ । लगानीकर्ताहरुले देहाएको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाब प्रेषित गर्न सक्ने छन्:

गुनासो सुन्ने अधिकारीको नामः सचिन्द ढुंगाना

इमेलः sachindra@niblcapital.com

फोन नं.०१-४४२५२८० एक्सटेन्सन ४२२

**(उ) ऋणपत्र निष्काशन गर्ने बैंक र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ बमोजिम सम्झौता भएको कुरा :**

ऋणपत्र निष्काशन गर्ने कम्पनी र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुरुप मिति २०७७/०८/२२ मा सम्झौता गरिएको छ ।

**(ऊ) ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि व्यवस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप भएको कुरा :**

ऋणपत्रट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि व्यवस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप गरिएको छ ।

**(ए) ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको कुरा :**

ऋणपत्र ट्रष्टी र कम्पनी बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको छ ।

**(ऐ) ऋणपत्र ट्रष्टी र बैंकबीच भएको सम्झौता तथा अन्य आवश्यक व्यवस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा सो उपलब्ध गराउने सम्बन्धमा गरिएको व्यवस्था :**

ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौता तथा अन्य आवश्यक व्यवस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा ऋणपत्र ट्रष्टी वा कम्पनीको रजिष्टर्ड कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी हेर्न वा जान्न सकिने व्यवस्था गरिएको छ ।

**(ओ) अन्य :**

- ऋणपत्र ट्रष्टीले ऋणपत्रवालाहरुको हित संरक्षण गर्ने ।
- कम्पनीले ऋणपत्र ट्रष्टीलाई आफ्नो वित्तीय कारोबारको परिष्कृत आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र अनिवार्य रुपमा पठाउनु पर्ने ।
- ऋणपत्र ट्रष्टीले कम्पनीले स्थापना गरेको ऋणपत्र भुक्तानी जगेडा कोष **(Debenture Redemption Reserve)** को अनुगमन गर्ने ।

– कम्पनीले पुन: अर्को ऋणपत्र निष्काशन गर्नु परेमा ऋणपत्र ट्रष्टीको पूर्व स्वीकृति लिनुपर्ने ।

**(घ) परिवर्तनशील ऋणपत्र जारी गरिने भएमा ऋणपत्रको परिवर्तन अनुपात, मूल्य, प्रिमियम तथा परिवर्तन मिति, मताधिकारको व्यवस्था :** सो नभएको ।

**(ङ) ऋणपत्र जारी गर्नुको उद्देश्य तथा सम्पन्न हुने कार्य योजना:**

- कम्पनीले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।
- कम्पनीको पुरक पूँजीकोष (Supplementary Capital) बृद्धि गर्न ।
- प्रबन्धपत्रमा उल्लेख गरिएका उद्देश्य अनुरुप गर्नुपर्ने कार्यहरुका लागि आवश्यक पर्ने पूँजी जुटाउन ।

**(च) जारी पूँजी चुक्ता भएको/नभएको :** कम्पनीको जारी पूँजी सम्पूर्ण चुक्ता भैसकेको ।

**(छ) यस भन्दा अगाडी जारी भएको ऋणपत्रको विवरण :**सो नभएको ।

**(ज) अन्य :**

- यो ऋणपत्र ज्योति विकास बैंक लिमिटेड बाहेक अन्य बैंक वा वित्तीय संस्थामा धितो राखी ऋण लिन सक्नेछ ।
- यस ऋणपत्रलाई नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा सूचिकरण तथा दर्ता गराई खरिद बिक्रीको व्यवस्था मिलाइनेछ ।
- **ऋणपत्रको ब्याज भुक्तानी गर्ने स्थान :** यस ऋणपत्र धारण गर्ने ऋणपत्रधनीले निजले धारण गरेको ऋणपत्रमा आर्जित ब्याज रकम ज्योति विकास बैंक लिमिटेडको कुनै पनि शाखाबाट वा कम्पनीले तोकेको स्थानबाट आफ्ना ऋणपत्रको ब्याज भुक्तानी पूर्जा पेश गरी ऋणपत्रको ब्याज भुक्तानी लिन सक्ने गरी निष्काशन गरिएको छ । ऋणपत्रको ब्याज भुक्तानी पूर्जा जारी नगरी सवै ऋणपत्रहरु हितग्राही खातामा राखिएको अवस्थामा सवै ऋणपत्रधनीहरुको हितग्राही खातामा उल्लेख भएको बैंक खातामा ब्याज रकम जम्मा हुने व्यवस्था मिलाईनेछ ।
- ऋणपत्रको बाँडफाँट पश्चात बाँडफाँटमा पर्ने सम्पूर्ण ऋणपत्रधनीहरुलाई बाँडफाँट भएको दिन देखिको पहिलो अर्ध-बार्षिकको ब्याज रकम सो अर्ध-वार्षिक अवधिको समाप्ति पश्चात भुक्तानी दिइनेछ । यस ऋणपत्र धारण गर्ने प्रत्येक ऋणपत्रधनीलाई ऋणपत्रहरु हितग्राही खातामा जम्मा नगरेको अवस्थामा ब्याज रकम भुक्तानी गर्नका लागि ऋणपत्रको प्रमाणपत्रको अलावा ब्याज भुक्तानी पूर्जा **(Interest Coupon)**दिइनेछ ।

**– नेपाल राष्ट्र बैंक बाट ऋणपत्र निष्काशन गर्न स्वीकृत प्रदान गर्दा तोकिएका शर्तहरु निम्न अनुसार रहेको छ :**

यस ज्योति विकास बैंक लिमिटेडले निष्काशन गर्न लागेको **"ज्योति विकास बैंक बण्ड २०८७"** ऋणपत्र निष्काशन गर्नका लागि नेपाल राष्ट्र बैकद्धारा मिति २०७७/०९/१२ को पत्र मार्फत देहाय बमोजिमका शर्तहरु पालना गर्नुपर्ने भनी स्वीकृति प्रदान गरेको छ ।

१) कुनै पनि सुरक्षण नराखी **"ज्योति विकास बैंक बण्ड २०८७"** निष्काशन गर्नुपर्ने ।

२) ऋणपत्रको अवधि १० वर्षको हुने ।

३) ऋणपत्रमा प्रदान गरिने ब्याज ६/६ महिनामा भुक्तानी गर्नुपर्ने, ऋणपत्रको वार्षिक ब्याजदर ९ प्रतिशत हुनुपर्ने, ब्याजदर परिवर्तन गर्न नपाइने र आर्जित ब्याज रकममा आयकर ऐन अनुसार आयकर लाग्ने व्यवस्था गर्नुपर्ने ।

४) बैंक विघटन भएको अवस्थामा **"ज्योति विकास बैंक बण्ड २०८७"** को भुक्तानी निक्षेपकर्ता भन्दा पछि मात्र हुने ।

५) **"ज्योति विकास बैंक बण्ड २०८७"** जारी भएको मितिले ६ महिना भित्रमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकृत गर्नुपर्ने ।

६) **"ज्योति विकास बैंक बण्ड २०८७"** निष्काशन गर्नु अघि विवरणपत्र नेपाल राष्ट्र बैंकमा दर्ता गरि प्रकाशन गर्नुपर्ने ।

७) **"ज्योति विकास बैंक बण्ड २०८७"** जारी गर्दा यस संस्थाले निष्काशन गरिएको आर्थिक बर्ष र भुक्तानी हुने आर्थिक बर्ष वाहेकका प्रत्येक वर्ष वार्षिक मुनाफाबाट समानुपातिक (Proportionate) आधारमा रकम भुक्तानी कोष (Capital Redemption Reserve) अनिवार्य रुपमा राख्नु पर्नेछ । तर नेपाल राष्ट्र बैंकले तोकेको न्यूनतम चुक्ता पूँजी पुरा गर्ने प्रयोजन बाहेकको अवस्थामा संस्थाले कुनै आर्थिक वर्षमा ५ पूर्ण आर्थिक वर्ष भन्दा बढी भुक्तानी अवधि बाँकी रहेको ऋणपत्र वापत भुक्तानी कोषमा जम्मा गर्नुपर्ने रकम बराबर बोनस शेयर जारी गरेमा सो आर्थिक बर्षमा भुक्तानी कोष (Capital Redemption Reserve) मा रकम जम्मा गर्न अनिवार्य हुने छैन । तर सो बर्षमा जम्मा गर्नुपर्ने रकम उक्त बर्ष पश्चातका आर्थिक बर्षहरुमा थप गरी समानुपातिक (Proportionate) आधारमा अनिवार्य रुपमा उक्त कोषमा जम्मा गर्नु पर्ने छ ।

८) Private Placement को आधारमा विक्री गरिने ऋणपत्रको सम्बन्धमा कुनै संघ/संस्थासंग अग्रिम कुनै सम्झौता भएको भए सो सम्झौताको प्रमाणित प्रतिलिपि नेपाल राष्ट्र बैंकमा पेश गर्नुपर्ने ।

९) यदि कुनै पक्षले सो पक्षलाई छुट्याएको ऋणपत्र खरिद नगरेमा सो ऋणपत्र अर्को पक्षलाई खरिद गर्ने व्यवस्था गर्नुपर्ने ।

१०) ऋणपत्रमा आर्जित ब्याज लगानीकर्ताहरुलाई कहिले भुक्तानी गर्ने भन्ने विषयमा विवरणपत्रको "ब्याज भुक्तानी गर्ने समय (Interest/Preferred Dividend Payment Timing)" शीर्षक अन्तर्गत स्पष्ट उल्लेख गर्नुपर्ने ।

११) ऋणपत्रमा आवेदन गर्ने प्रत्येक आवेदकले निजले आवेदन गरेको रकममा आवेदन गरेको मितिदेखि बाँडफाँड हुने दिनसम्मको अवधिका लागि प्रचलित बजारको दरले खण्डित अवधिको व्याज (Broken Period Interest) प्रदान गर्नुपर्ने र सो विषयमा विवरणपत्रमा स्पष्ट उल्लेख गर्नुपर्ने ।

१२) ऋणपत्र भुक्तानी गरेपछि बुँदा नं.७ बमोजिम कायम गरेको भुक्तानी समायोजन कोष (Capital Redemption Reserve) मा बाँकी रहेको रकमलाई पूँजीकोष समायोजन कोषमा रकमान्तरण गर्नु पर्ने छ । पूँजी समायोजन कोषमा जम्मा भएको रकमबाट बोनस शेयर मात्र जारी गर्न सकिने छ ।

१३) डिबेन्चर निष्काशन सम्बन्धमा अन्य प्रचलित कानुन तथा यस बैंकबाट जारी गरिएको निर्देशनमा उल्लेख भएका अन्य व्यवस्थाको समेत पालना गर्नुपर्ने ।

**२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी व्यवस्था :** सो नभएको ।

**२२. अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :** प्रक्षेपित वित्तीय विवरण ठिक छ भनि लेखापरीक्षक श्री उज्वल न्यौपाने ले प्रमाणित गर्नु भएको हो । वास्तविक वित्तीय विवरणका आधारमा संगठित संस्थाले तयार गरेको उक्त प्रक्षेपित वित्तीय विवरण NFRS अनुसार नै बनेको भनी लेखापरीक्षक श्री उज्वल न्यौपाने ले आफ्नो राय व्यक्त गर्नुभएको छ ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै सञ्चालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण**

| क्र.सं. | नाम | पद | परिवर्तन भएको कारण | कैफियत |
|---|---|---|---|---|
| १. | एम.आर यु एण्ड एसोसियट्स | लेखापरीक्षक | कार्यकाल समाप्त | |

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**
चितवन जिल्ला, भरतपुर निवासी चार्टर्ड एकाउन्टेन्सी शैक्षिक योग्यता हासिल गरी विगत १४ वर्ष देखि निरन्तर रुपमा बैकिङ्ग क्षेत्रमा काम गरिरहनु भएको श्री पारस राज कंडेल यस बैंकको कम्पनी सचिवको रुपमा कार्यरत हुनुहुन्छ ।

**(घ) ऋणपत्र निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**
बैंकको नियमावलीमा भएको व्यवस्था अनुसार ऋणपत्र वा डिबेन्चर जारी गर्नुपर्ने भएमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई प्रचलित कानूनको अधीनमा रही सञ्चालक समितिले निर्णय गरी जारी गर्न सक्ने हुँदा सोही अनुसार बैंकको मिति २०७७।०६।२३ मा बसेको ३७२ औं सञ्चालक समितिको निर्णय बमोजिम वार्षिक ९ प्रतिशत व्याज दिने गरी १० वर्ष अवधिको लागि रु.१ अर्ब ५० करोड बराबरको १५ लाख कित्ता ऋणपत्र जारी गर्ने निर्णय गरेको छ । जसमध्ये ९० करोड बराबरको निष्काशन व्यक्तिगत तवर र बाँकी ६० करोड बराबरको सार्वजनिक निष्काशन मार्फत बिक्री गरिनेछ ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समयः**
कार्यालय समयभित्र निम्न स्थानहरुमा सम्पर्क राखि बैंकको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१. बैंकको रजिष्ट्र्ड (केन्द्रीय) कार्यालय, कमलपोखरी, काठमाण्डौं ।
२. धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक श्री एनआईबिएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौं ।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**
प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि ऋणपत्र सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**
यस विवरणपत्र मार्फत निष्काशन गरिने प्रति ऋणपत्र रु.१,०००/– अंकित मुल्यका कूल ६ लाख कित्ता ऋणपत्र संख्याको ५% अर्थात ३०,००० कित्ता ऋणपत्रहरु सामूहिक लगानी कोषको लागि छुट्टयाएर सुरक्षित गरिएको छ । यसरी छुट्टयाएको ऋणपत्र सामुहिक लगानी कोष नियमावली, २०६७ बमोजिम बाडंफांट गरिनेछ ।

**(झ) बैंकले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**
बैंकले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने बैंकको उद्घोषण रहेको छ । साथै यस बैंकले कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नु पर्ने आ.व.२०७६/०७७ सम्मका विवरणहरु पेश गरेको हुनाले सो आर्थिक वर्षसम्म यस बैंक अद्यावधिक रहेको छ ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र बिक्री वितरणका लागि नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा (ASBA) सदस्य रहेको सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु मार्फत आवेदन दिन सक्नेछन् ।

**(ट) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था** :

यस बैंकले जारी गर्न लागेको १० वर्ष अवधि तथा ९ प्रतिशत ब्याजदर भएको **"ज्योति विकास बैंक बण्ड २०८७"** नामक ऋणपत्रलाई इक्रा नेपाल लिमिटेडले मध्यम कर्जा जोखिम **(Moderate Credit Risk)** जनाउने **" [ICRANP-IR] BB+"(Pronounced as** ICRA NP**)** issuer rating double B plus**)** रेटिङ्ग मिति २०७७।१०।२६ मा प्रदान गरेको छ । उक्त क्रेडिट रेटिङ्ग प्राप्त गन संस्थालाई लाई समयमा नै वित्तीय दायित्व पुरा गर्ने तथा कर्जा जोखिम मध्यम (Moderate) भएको संस्थाको रुपमा लिईन्छ । इक्रा नेपाल लि.ले **[ICRANP-IR] AA** देखि **[ICRANP-IR] C** सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा रेटिङ्ग**" [ICRANP-IR] AA"**ले सकारात्मक आधार जनाउँछ भने**" [ICRANP-IR] C "** ले नकारात्मक आधारहरू जनाउँछ ।

रेटिङ्ग प्रदान गरेको मिति **:** ८ फेब्रुअरी २०२१ । रेटिङ्ग बहाल रहने अवधि **:** ७ फेब्रुअरी २०२२

यस संस्थाको वित्तीय परिसूचक, व्यवस्थापन सम्बन्धी पक्षहरु लगायत विविध पक्षमा रेटिङ्ग भर पर्ने र सोही अनुसार यस संस्थाको अवस्था अनुरुप रेटिङ्गमा घटबढ हुनसक्नेछ ।

**(ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :**

यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा निष्काशन तथा बिक्री प्रबन्धक श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौं रहेको छ ।

**(ड) सकारात्मक पक्षहरु :**

१. देशका अनुभवी तथा दक्ष व्यक्तिहरुद्वारा स्थापित भएकोले यस बैंकको व्यवस्थापन सक्षम तथा प्रभावकारी भएको ।

२. जोखिम लेखाजोखा पश्चात मात्र लगानी तथा कर्जाको अवसरहरुमा कोषको प्रवाह भएको ।

३. स्थापनाकाल देखि नै पूर्ण कम्प्युटरीकृत प्रविधिबाट वित्तीय सेवा प्रदान गर्दै आइरहेको ।

४. बैंकिङ्ग क्षेत्रमा द्रुत गतिमा व्यबसाय विस्तार गर्न सफल रहेको ।

**(ढ) शेयर रजिष्ट्रार सम्वन्धि व्यवस्था :**

शेयर रजिष्ट्रार सम्वन्धी सम्पूर्ण कार्य एनआईबिएल एस क्यापिटल, लाजिम्पाट, काठमाण्डौ मार्फत हुनेछ ।

**(ण) धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरणपत्रद्वारा सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणहरुमा जारी गरिने ऋणपत्रहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तिमा ४ कार्य दिन र बढिमा १५ दिन सम्म खुल्ला रहने छ । **व्यक्तिगत तवर (Private Placement)** बाट बिक्री गरिने हकमा धितोपत्र बोर्डबाट स्वीकृति पश्चात खुल्ला हुनेछ र सार्वजनिक निष्काशन संगै बन्द हुनेछ ।

**ग.२३. विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालक तथा विज्ञहरुको नाम तथा दस्तखत ।**

| सि.नं. | सञ्चालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री हरि प्रसाद | अध्यक्ष | |
| २ | श्री हरि चन्द्र खड्का | संचालक | |
| ३ | श्री सन्तोष अधिकारी | संचालक | |
| ४ | श्री मन महर्जन | संचालक | |
| ५ | श्री ध्रुव कोइराला | संचालक | |
| ६ | श्री नरेश राज आचार्य | संचालक | |
| ७ | श्री सुरेन्द्र बहादुर नेपाली | स्वतन्त्र संचालक | |

## ३.२४ निष्काशन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :

NIBL ACE CAPITAL
Managing shares. Managing investments.

श्री नेपाल धितोपत्र बोर्ड,
संस्थागत वित्त विभाग,
खुमलटार, ललितपुर ।

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
Kathmandu, Nepal

मितिः २०७८/०१/२४

**बिषय : धितोपत्र निष्काशन तथा बिक्री प्रबन्ध बारे ।**

महोदय,

बागमति अञ्चल, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका, कमलादी, काठमाण्डौं ठेगाना भएको ज्योती बिकास बैंक लिमिटेडले सर्वसाधारणहरुका लागि जारी गर्न लागेको १० बर्ष अवधीको ९ प्रतिशत ब्याजदरमा प्रति ऋणपत्र रु.१,०००/– दरको १५,००,००० - (पन्ध्रलाख) कित्ता **"ज्योति विकास बैंक बण्ड २०८७"** नामक ऋणपत्र निष्काशन गर्नको लागि निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा सेवा दिन यस कम्पनी मन्जुर गर्दछ । सर्वसाधारणहरुलाई ऋणपत्र जारी गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ र सम्बद्ध कानूनमा भएको व्यवस्था अनुसार ऋणपत्र बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. संगठित संस्थाको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । संगठित संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणत्मक अध्ययन गर्दा संगठित संस्थाले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. धितोपत्र कारोवार सम्बन्धी कानुन अनुसार पेश गर्नु पर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।

३. हाम्रो विचारमा निष्काशनकर्ता कम्पनीद्धारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ र सो ऐन अन्तर्गत बनेका नियम तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचिकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन् ।

४. सर्वसाधारणलाई विवरणपत्र सरल तरीकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशन कम्पनी संग समन्वय गरी आवश्यक व्यवस्था मिलाइने छ ।

५. त्यस बोर्डबाट जारी गरिएको धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिकामा उल्लेखित सवै कुराहरु अध्ययन गरि सो निर्देशिकाको व्यवस्थाहरु संग अनुरुप हुने गरी सम्बन्धित कम्पनी/संगठित संस्थाले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएको छ ।

धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक तर्फबाट

**एनआईबिएल एस क्यापिटल लिमिटेड**

नाम : सचिन्द्र ढुंगाना

पद : सहायक महाप्रबन्धक

सही :

कार्यालयको छाप :

NIBL ACE CAPITAL LIMITED
एनआईबिएल एस क्यापिटल लिमिटेड
P.O. Box 23224, Lazimpat, Kathmandu
T : +977-1-4425281, 4419421, 4425280
F : +977-1-4005084

३.२५ विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

**KMU & Associates**
Chartered Accountants

**Report on Examination of Prospective Financial Information**

To the Board of Directors,
Jyoti Bikash Bank Limited

We have performed the examination of Financial Projection of Jyoti Bikash Bank Limited in accordance with the **Nepal Standard on Assurance Engagement 3400** applicable to **The Examination of Prospective Financial Information**. Management of Jyoti Bikash Bank Limited is solely responsible for the projection including the assumption set out in "Assumptions for Financial Projections" on which it is based.

This Projection has been prepared for issuance of Debenture by Jyoti Bikash Bank Limited. Readers of this report are expected to understand that this projection may not be appropriate for purpose other than that described above.

Based on our examination, the projection is properly prepared on the basis of the assumptions and is presented in according with Financial Reporting framework provided by Nepal Rastra Bank (NRB) Unified Directive no. 4/077.

Even if the events anticipated under the hypothetical assumptions described above occurs, actual results are still likely to be different from the projection since other anticipated events frequently do not occur as expected and the variation may be material.

For and on behalf of
KMU & Associates, Chartered Accountants

Ujwal Neupane, CA,
Partner

Date: 27th Magh 2077 (9th February 2021)
Place: Lalitpur

UDIN Number: 210209CA01434NNvfo

Kupandole (opposite of Kandevsthan), Lalitpur-10, Nepal | Tel. No.: +977- 01- 5551916 | Email: info.kmuassociates@gmail.com